# राजापुर राजपत्र

## राजापुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड – ६ राजापुर नगरपालिका, भाद्र ०५ गते २०८० साल संख्या – ११

# भाग २

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम राजापुर नगरपालिकाको नगरकार्यपालिकाबाट मिति २०८०।०३।२३ गते पारित भई नगर प्रमुखबाट मिति २०८० श्रावण २८ गते प्रमाणितकरण गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## एकीकृत स्थानिय तह वस्तुगत विवरण २०८०

# राजापुर नगरपालिका
# नगरपालिकाको कार्यालय

बर्दिया, लुम्बिनी प्रदेश, नेपाल



# एकीकृत स्थानिय तह वस्तुगत विवरण

२०८०

## दुई शब्द



कुनै पनि विकासको मार्ग तयार गर्ने योजनाको सही छनोट प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरुको पूर्ण सन्तुष्टि सहितको उपयोग र निरन्तर अनुगमन एवं मूल्याङ्कन र दिगोपनाको लागि सही र वस्तुनिष्ट निर्णय लिन तथ्याङ्कको आवश्यकता पर्दछ ।यस नगरपालिकाको केन्द्र साविकको राजापुर नगरपालिका कार्यालय, साविकको राजापुर नगरपालिका र खैरिचन्दनपुर गा.वि.स.समावेश गरी २०७३/११/२२ मा नगरपालिका गठन गरिएपछि प्रकाशित दस्तावेजको रूपमा आउन लागेको पाश्र्वचित्र तयारी गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

आधुनिक एन्ड्रोइड प्रविधि अपनाई प्राथमिक तथ्याङ्क प्राप्त गर्न राजापुर नगरपालिकाको जनगणना सम्पन्न गरी विशिष्टिकृत प्रश्नावली निर्माण गरी प्राप्त सूचनाका आधारमा यो पाश्र्वचित्र तयार पारिएको हो । यसमा जनसांख्यिक, सामाजिक, आर्थिक, कृषि, सडक, विद्युत, सञ्चार, सेवा, विप्रेषण लगायत अन्य सम्पूर्ण आवश्यक आधारभुत तथ्याङ्कहरुलाई समावेश गरी यो पाश्र्वचित्र तयार पारिएको छ । राज्यको पुनर्संरचनाको सिलसिलामा स्थापित यस नगरपालिकाको यथार्थ विद्यमान अवस्था झल्काउने पाश्र्वचित्र तयारीले नगरको विकासको वर्तमान अवस्थालई चित्रित गरेको छ । यस्तो चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी हामीलाई उपलब्ध सीमित श्रोत तथा साधनको अधिकतम सदुपयोग गरी नगर विकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पुर्याउने आशा तथा विश्वास लिएको छु । यस अध्ययन प्रतिवेदनले प्रायः सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेट्न प्रयास गरेको भएतापनि सीमित समय तथा स्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण हुन सक्दैन । यसलाई समय सन्दर्भ अनुसार परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस हामी सबैले गर्नु पर्ने हुन्छ ।

योजनावद्ध विकासको आधारको रूपमा रहने यो पाश्र्वचित्र समयमै तयार गर्न लगाउने नगरपालिकाको सम्पूर्ण परिवार, प्रमुख प्रशासकीय अधिकृत ज्युहरु, वडा अध्यक्ष ज्युहरु, गणकहरु, सम्पूर्ण नगरपालिकाबासीहरु लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा नगरपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु ।

अन्तमा नगरपालिका विकासको आधार चित्र कोर्न यो प्रतिवेदन सहयोगी बनोस र दीर्घकालिन सोचका साथ अगाडि बढ्न हामी सबैलाई दिशा निर्देश प्राप्त होस भन्ने शुभेच्छा प्रकट गर्दछु ।

दिपेश थारु
नगर प्रमुख

## मेरो भनाई



संघीयताको अवधारणा अनुरूप नेपालको संविधान २०७२ ले स्थानीय तहलाई स्वायत्तता सहित व्यवस्थापिका, कार्यकारी र न्यायीक अधिकारहरूको सुनिश्चितता गरेको छ । यस बमोजिम स्थानीय तह अन्य तहका सरकार हरूसगँ सहकारीता, सह—अस्तित्व र समन्वयको सिद्धान्तक क्रियाशील रहेका छन् । स्थानीय सरकार संचालन ऐन, २०७४ ले समेत स्थानीय शासन प्रणालीलाई संस्थागत बनाउन र सेवा प्रवाहमा प्रभावकारिता ल्याउन स्थानीय सरकारलाई मार्गदर्शन गरेको छ । सो अनुसार नागरिकहरूले आफ्नै घरदैलोबाट आवश्यक सेवाहरू प्राप्त गरिरहेका छन् । जनताको नजिकको सरकारको रूपमा रहेको स्थानीय सरकारले उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी वकासलाई नतिजामूलक तथा परिणामुखी बनाउन अधिकतम प्रयास गर्नुपर्दछ । स्रोत, साधन तथा क्षमता र पूर्वाधार विकासको न्यून अवस्था र तीव्र विकासको जनचाहाना सम्बोधन गर्नु आफैमा कठिन र चुनौतिपूर्ण कार्य हो ।

आधुनिक एन्ड्रोइड प्रविधि अपनाई प्राथमिक तथ्याङ्क प्राप्त गर्न राजापुर नगरपालिकाको जनगणना सम्पन्न गरी विशिष्टिकृत प्रश्नावली निर्माण गरी प्राप्त सूचनाका आधारमा यो विवरण तयार पारिएको हो । यसमा जनसांख्यिक, सामाजिक, आर्थिक, कृषि, सडक, विद्युत, सञ्चार, सेवा, विप्रेषण लगायत अन्य सम्पूर्ण आवश्यक आधारभुत तथ्याङ्कहरुलाई समावेश गरी यो पाश्र्वचित्र तयार पारिएको छ । राज्यको पुनर्संरचनाको सिलसिलामा स्थापित यस नगरपालिकाको यथार्थ विद्यमान अवस्था झल्काउने पाश्र्वचित्र तयारीले नगरको विकासको वर्तमान अवस्थालई चित्रित गरेको छ । यस अध्ययन प्रतिवेदनले प्रायः सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेट्न प्रयास गरेको भएतापनि सीमित समय तथा स्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण हुन सक्दैन । यसलाई समय सन्दर्भअनुसार परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस हामी सबैले गर्नु पर्ने हुन्छ ।

योजनावद्ध विकासको आधारको रूपमा रहने यो पाश्र्वचित्र समयमै तयार गर्न लगाउने नगरपालिकाको सम्पूर्ण परिवार, प्रमुख प्रशासकीय अधिकृत ज्युहरु, वडा अध्यक्ष ज्युहरु, गणकहरु, सम्पूर्ण नगरपालिकाबासीहरु लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा नगरपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु ।

अन्तमा नगरपालिका विकासको आधार चित्र कोर्न यो प्रतिवेदन सहयोगी बनोस र दीर्घकालिन सोचका साथ अगाडि बढ्न हामी सबैलाई दिशा निर्देश प्राप्त होस् भन्ने शुभेच्छा प्रकट गर्दछु ।

मनकला कुमारी चौधरी
नगर उप-प्रमुख

## मेरो दुई शब्द



संघीय शासन व्यवस्थामा स्थानीय सरकारलाई नागरिकको घरदैलोको सरकारको रूपमा हेरिएको हुन्छ । तसर्थ राजनीतिक र अवधारणागत रूपमा पनि स्थानीय सरकारसँग जनताको अपेक्षा बढी नै हुने गर्दछ । सवल र नागरिकप्रति जवाफदेही तथा उत्तरदायी स्थानीय सरकारबाट मात्रै जनताका चाहानाहरू सम्बोधन हुन सक्दछ । तसर्थ नागरिकको आवश्यकता तथा अपेक्षा सम्बोधनको लागि स्थानीय सरकार अझ बढी सवल, सक्षम र जवाफदेही हुन आवश्यक छ । सिमित साधन र श्रोत अनि असिमित जनआंकाक्षा र आवश्यकता बीच तालमेल गरी धेरै भन्दा धेरै विकासका प्रतिफलहरू विभिन्न क्षेत्र र वर्गका जनता बीच पुर्याउने जिम्मेवारी नगरपालिकाको रहेको छ ।

यसैगरी प्रचलित नीतिगत तथा कानूनी व्यवस्था बमोजिम समयमा नै कार्यक्रमलाई लैंगिक र सामाजिक समावेशीकरण लगायत समग्र पक्षका उद्देश्य, लक्ष्य तथा रणनीति तय गरिएको छ । सहभागितामूलक र समावेशी प्रक्रिया अनुसार विकासको प्राथमिकतामा बजेट तथा कार्यक्रम तर्जुमा गर्ने गरिएको छ । नगरपालिकाले जनस्वास्थ्य, विपद जोखिम व्यवस्थापन एवं वातावरण संरक्षण र जलवायु उत्थानशीलताको आयामलाई समेत यथोचित मध्यनजर गरी एकीकृत स्थानिय तह वस्तुगत विवरणले कार्यक्रमहरू तयार गरिएको छ । सुशासन तथा विकासको योजना तयार गर्नु एकीकृत स्थानिय तह वस्तुगत विवरण तयार गर्नु र कार्यान्वयन गर्नु गराउनु स्थानीय सरकारको एक प्रमुख र महत्वपूर्ण दायित्व हो । नगरपालिकाको विकास तथा सुशासनको समग्र योजनाको रूपमा राजापुर नगरपालिकाको एकीकृत स्थानिय तह वस्तुगत विवरण तयार गरि प्रकाशन गरिएको छ ।

यस पृष्ठभूमिमा नगरपालिकाको एकीकृत स्थानिय तह वस्तुगत विवरण तयार गर्ने काममा सहयोग गर्नु हुने नगर सभा, कार्यपालिका तथा वडा समितिका निर्वाचित पदाधिकारीज्यूहरू, महत्वपूर्ण रायसुझाव प्रदान गर्ने राजनीतिक दलका स्थानीय प्रमुख तथा प्रतिनिधिज्यूहरू, विज्ञ समूहका सल्लाहकारज्यूहरू, सामाजिक तथा बौद्धिक क्षेत्रका महत्वपूर्ण व्यक्तित्व र समुदाय तथा समन्वय र व्यवस्थापनमा विज्ञ तथा सहयोगी हातका रूपमा रहेका शाखा प्रमुखहरू समेत सबै कर्मचारीहरू प्रति हार्दिक कृतज्ञता तथा आभार व्यक्त गर्न चाहान्छु । आगामी दिनमा समेत सबै पक्षहरूको सकारात्मक सहयोग, सल्लाह, सुझाव र समन्वय र जिम्मेवारीपूर्ण भूमिकाका साथ यो एकीकृत स्थानिय तह वस्तुगत विवरण कार्यान्वयन हुने विश्वास लिएको छु ।

महेन्द्र जंग शाही

प्रमुख प्रशासकिय अधिकृत

# विषय सूची


खण्ड १ भूमिका ........ १४

१.१ पृष्ठभूमि ........ १४

१.२ अध्ययनको उद्देश्य ........ १४

१.३ अध्ययनको महत्व ........ १५

१.४ अध्ययनको औचित्य ........ १५

१.५ अध्ययन विधि ........ १६

१.६ अध्ययनका सिमाहरु ........ १६

खण्ड २ : राजापुर नगरपालिकाको परिचय ........ १७

२.१ नगरपालिकाको संक्षिप्त परिचय ........ १७

२.२ राजनैतिक तथा प्रशासनिक केन्द्र ........ १९

२.२.१ नगरपालिकाको स्थापना ........ २०

२.३ भौगोलिक अवस्थिति ........ २१

२.४ भूक्षेत्र (टोपोग्राफी) ........ २२

२.४.१ माटोको बनावट र उर्वराशक्ति ........ २२

२.४.२ भू—क्षेत्रको वर्गीकरण ........ २२

२.४.३ हावापानी ........ २५

२.५ नगरपालिकामा रहेको सम्भाव्यता र अवसर ........ २६

२.६ नगरपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरु ........ २८

२.७ नगरपालिकाको अन्तर नगर/गाउँपालिका सम्बन्ध ........ २९

२.८ नगर विकासमा देखिएका समस्या तथा चुनौतीहरू ........ २९

२.९ सिमसार क्षेत्र ........ ३०

२.१० नदीनाला तथा पोखरीहरु ........ ३०

२.११ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु ........ ३२

२.१२ मुख्य चाडपर्वहरु ........ ३३

खण्ड ३ - जनसाङ्ख्यिक विवरण ........ ३५

**३.१ वडागत घरधुरी संख्या तथा लिङ्गको आधारमा जनसंख्याको वितरण** ....................................... ३५

**३.३ उमेर र लिङ्ग अनुसार वडागत जनसंख्याको विवरण** ....................................... ४०

**३.४ परिवारमा रहेको सदस्य संख्याको आधारमा वडागत घरधुरीको वितरण** ....................................... ४१

**३.५ धर्मको आधारमा वडागत विवरण** ....................................... ४४

**३.६ जातिगत रुपमा वडागत विवरण** ....................................... ४५

**३.७ भाषागत रुपमा जनसंख्याको वितरण** ....................................... ४७

**३.८ वडागत रुपमा रक्त समूहको विवरण** ....................................... ४९

**३.९ १० वर्ष माथिकाहरुको वैवाहिक विवरण** ....................................... ५१

**३.१० उमेर समूहको आधारमा १० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक अवस्था** ....................................... ५२

**३.११ अपाङ्गताको स्थिति** ....................................... ५३

**३.१२ बसाई सराइको अवस्था** ....................................... ५६

३.१२.१ विदेश जानुको कारण ....................................... ५८

**३.१३ पेशागत आधारमा जनसंख्याको वितरण** ....................................... ६१

**३.१४ ब्यक्तिगत घटना सम्बन्धित विवरण** ....................................... ६२

३.१४.१ नागरिकताको विवरण ....................................... ६३

३.१४.२ उमेर समूह अनुसार नागरिकताको वितरण ....................................... ६३

३.१४.३ राष्ट्रिय परिचयपत्रको वितरण ....................................... ६४

३.१४.४ स्थायी लेखा नम्बर ....................................... ६६

३.१४.५ सामाजिक सुरक्षा कोष परिचय पत्र ....................................... ६७

३.१४.६ सवारी साधन अनुमती पत्र (लाईसेन्स) ....................................... ६८

**४. आर्थिक अवस्था** ....................................... ६९

**४.१ प्रमुख आर्थिक विवरण** ....................................... ६९

४.१.१ प्राविधिक, सीपयुक्त तथा विशेष दक्षता भएका मानव संशाधनको विवरण ....................................... ६९

४.१.१.१ विभिन्न सिप भएका जनसंख्याको विवरण ....................................... ७०

४.१.२ मुख्य पेशा सम्बन्धी विवरण ....................................... ७२

४.१.३ बेरोजगारी सम्बन्धी विवरण ....................................... ७३

४.१.४ वैदेशिक रोजगारीबाट फर्केका ....................................... ७३

४.१.५ प्रमुख बालीहरु ....................................... ७४

४.१.६. दलहन उत्पादन ........ ७५
४.१.७ तरकारी उत्पादन ........ ७६
४.१.८ नगदे बाली उत्पादन ........ ७६
४.१.९ फलफूल खेती ........ ७७
४.१.१० तेलहन खेती ........ ७८
**खण्ड ५ भू उपयोग** ........ ७९
**५.१ भू-उपयोग तथा भू-स्वामित्व** ........ ७९
५.१.१ नगरपालिका भू—उपयोगको विवरण ........ ७९
५.१.२ घरघुरीको रहेको क्षेत्र ........ ८०
५.१.३ घरको बनावटको किसिम ........ ८१
५.१.४ घरको नक्शा पासको अवस्था ........ ८२
५.१.५ भवन मापदण्डको प्रयोग ........ ८४
**५.२ जग्गाको प्रयोग** ........ ८६
५.२.१ जग्गाले छोएको सडकको प्रकार ........ ८७
५.२.२ जग्गाको उपभोग ........ ८९
५.२.३ अन्नवाली उत्पादानको लागि जग्गाको उपभोग ........ ८९
५.२.४ जग्गाको स्वामित्व ........ ९०
५.२.५ घरको स्वामित्व ........ ९३
५.२.६ करदाताको रुपमा दर्ता ........ ९३
**५.३ कृषि तथा पशु विकास** ........ ९४
५.३.१ माछापालन ........ ९४
५.३.२ सिचाई सुविधाको उपलब्धता ........ ९५
५.३.३ सिचाईको स्रोत सम्बन्धी विवरण ........ ९६
५.३.४ पशुपन्छिजन्य उत्पादनको विवरण ........ ९६
**खण्ड ६ शिक्षा /सामाजिक अवस्था** ........ ९९
**६.१ साक्षरता** ........ ९९
६.१.१ साक्षरताको लिङ्गिय विवरण ........ १००
६.१.२ तहगत रुपमा शैक्षिक अवस्था ........ १०१

६.१.३ अध्ययनको क्षेत्र ........ १०१

**६.२ स्वास्थ्य र पोषण** ........ १०२

६.२.१ गर्भवतीको स्वास्थ्य जाँच ........ १०३

६.२.२ बच्चालाई जन्म दिएको स्थान ........ १०४

६.२.३ स्वास्थ्य चौकी सम्मको दुरी ........ १०५

६.२.४ एक वर्ष भित्र मृत्यु भएको विवरण ........ १०६

६.२.५ मातृ र बाल मृत्यु ........ १०७

६.२.६ खोपको मात्रा ........ १०७

**खण्ड ७ : पूर्वाधार** ........ १०९

**७.१ खानेपानी तथा सरसफाई** ........ ११०

७.१.१ खानेपानी सुविधाको अवस्था ........ ११०

७.१.२ खानेपानीको शुद्धता ........ ११०

७.१.३ खानेपानी शुद्ध पार्ने तरिका ........ १११

७.१.४ शौचालयको सुविधा ........ ११२

७.१.५ फोहोरमैला व्यवस्थापन ........ ११२

७.१.६ ढलको व्यवस्था ........ ११४

७.१.७ ढल नहुदा व्यवस्थापन ........ ११४

७.१.८ सडक पूर्वाधार ........ ११६

७.१.९ यातायात सेवा ........ ११६

७.१.१० टेलिफोन/मोबाइल ........ ११८

७.१.११ दैनिक बत्ति बाल्न प्रयोग गरिने इन्धनको आधारमा घरधुरीको वितरण ........ ११८

७.१.१२ परिवारले खाना पकाउन प्रयोग गर्ने इन्धनको आधारमा घरधुरीको वितरण ........ ११९

७.१.१३ परिवारले खाना पकाउन प्रयोग गर्ने चुल्होको प्रकार ........ ११९

७.१.१३ भान्सामा वायु संचार प्रणाली ........ १२०

७.१.१४ घरायसी सामानको उपभोग ........ १२१

**७.२ बिपदका जोखिम** ........ १२३

७.२.१. संभावित बिपद् जोखिम ........ १२३

७.२.२ वडागत रुपमा संभावित बिपद् जोखिम ........ १२३

७.२.३ विपद् बाट पिडित ......................................................................................... १२५
**खण्ड ८ : सहभागिता र  समावेशीकरण** ........................................................................ १२६
**८.१ संघ संस्थामा आवद्धता** ........................................................................................ १२६
८.१.१  संघ संस्थामा संलग्नता ............................................................................ १२६
८.१.२ घरायसी कामको निर्णय ............................................................................... १२८
८.१.३ घरायासी काममा संलग्न ............................................................................ १२८
**खण्ड ९ : वन तथा वातावरण** ....................................................................................... १२९
**९.१ प्राकृतिक वन तथा वनस्पती** ......................................................................................... १२९
**९.२ जैविक विविधता सम्बन्धी विवरण** .................................................................................. १३०
**९.३ नगरमा पाईने वन्यजन्तु** ............................................................................................ १३१
**९.४ वनजंगल** .................................................................................................... १३३
८.४.१ सामुदायिक वन ....................................................................................... १३३
९.४.२ सरकारद्वारा व्यवस्थित वन ........................................................................ १३५
**९.५ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था** ....................................................... १३५
**९.६ वनपैदावरको माग र आपूर्ति** ...................................................................................... १३५
**९.७ जडिबुटी सम्बन्धी विवरण** ........................................................................................ १३५
**९.८ वन संरक्षणका लागि चाल्नु पर्ने कदम** ........................................................................... १३५
**खण्ड १० - विकास सूचकांक र गरिबीको स्थिति** .............................................................. १३७
**१०.१ मानव विकास सूचकको विवरण (झघ्ब्)** ........................................................................ १३७
**१०.२ मानव गरीबी सूचकांक (झल□कथ म्द्वसङ्ञच□क्ष ञ्थघङ्ग□)** ............................................... १३७
**१०.३ मानव विकास र गरीबी** ............................................................................................ १३८
**१०.४ गरिबी न्यूनीकरण** ................................................................................................. १३८
**१०.५ समग्र विकास स्थिति** .............................................................................................. १३८
अनुसूची -१ वार्ड अनुसार घरधुरी विवरण ................................................................................ १४०

## तालिका सूची


तालिका १ वडागत रुपमा मतदाता संख्या ........ २०
तालिका २ राजापुर नगरपालिकाको वडा विभाजन........ २१
तालिका ३ वडागत घरधुरी संख्या तथा लिङ्गको आधारमा जनसंख्याको वितरण........ ३६
तालिका ४ वडागत घरधुरी संख्या तथा लिङ्गको आधारमा जनसंख्याको वितरण, जनघनत्व तथा लैङ्गिक अनुपात........ ३७
तालिका ५ :उमेर समूह अनुसार वडागत जनसंख्याको विवरण........ ३८
तालिका ६ उमेर र लिङ्गअनुसार वडागत जनसंख्याको विवरण ........ ४०
तालिका ७: परिवारमा रहेको सदस्य संख्याको आधारमा वडागत घरधुरीको वितरण........ ४३
तालिका ८ :धर्मको आधारमा वडागत विवरण........ ४४
तालिका ९ :वडागत रुपमा जात/जाति विवरण........ ४६
तालिका १० :भाषागत रुपमा जनसंख्याको वितरण........ ४९
तालिका ११: वडागत रुपमा रक्त समूहको विवरण ........ ५१
तालिका १२: १० वर्ष माथिकाहरुको वैवाहिक विवरण........ ५२
तालिका १३:उमेर समूहको आधारमा १० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक अवस्था........ ५३
तालिका १४ वडागत रुपमा अपाङगताको स्थिति........ ५४
तालिका १५: वडागत अपांङ्गताको प्रकार ........ ५५
तालिका १६ वडागत रुपमा अपाङ्गता कार्ड लिनेको संख्या........ ५६
तालिका १७:बसाई सराइको अवस्था ........ ५८
तालिका १८ : विदेश जानुको कारणहरु........ ६०
तालिका १९: उमेर समूह अनुसार विदेशमा बस्नेको विवरण........ ६१
तालिका २०:पेशागत आधारमा जनसंख्याको वितरण ........ ६२
तालिका २१ : नागरिकताको विवरण ........ ६३
तालिका २२ उमेर समूह अनुसार नागरिकता वितरण ........ ६४
तालिका २३: राष्ट्रिय परिचयपत्रको वितरण........ ६५
तालिका २४ उमेर समूह अनुसार राष्ट्रिय परिचय पत्र........ ६६
तालिका २५: स्थायी लेखा नम्बर........ ६६
तालिका २६: सामाजिक सुरक्षा कोष परिचय पत्र ........ ६७
तालिका २७ सवारी चालक अनुमती परिचयपत्र........ ६८
तालिका २८ सवारी लाईसेन्सको वर्गिकरण........ ६८
तालिका २९: सीपमुलक तालिम लिएको संख्या ........ ६९
तालिका ३० :विभिन्न सिप भएका जनसंख्याको विवरण ........ ७०
तालिका ३१: मुख्य पेशा सम्बन्धी विवरण........ ७३
तालिका ३२ :वैदेशिक रोजगारीबाट फर्केका ........ ७४
तालिका ३३ : प्रमुख बालीहरु........ ७४
तालिका ३४ :दलहन उत्पादन........ ७५

तालिका ३५ :तरकारी उत्पादन........ ७६
तालिका ३६: स्रोतः नगदे वाली उत्पादन........ ७७
तालिका ३७: फलफूल खेती........ ७७
तालिका ३८: जग्गाको किसिम........ ८०
तालिका ३९ :घरघुरीको रहेको क्षेत्र........ ८१
तालिका ४० :घरको बनावटको किसिम........ ८१
तालिका ४१ घर नक्सापास भए/नभएको........ ८३
तालिका ४२ भवन मापदण्डको प्रयोग........ ८४
तालिका ४३ : जग्गाको प्रयोग........ ८७
तालिका ४४ :जग्गाले छोएको सडकको प्रकार........ ८८
तालिका ४५: जग्गाको उपभोग........ ८९
तालिका ४६ :अन्नबाली उत्पादनको लागि जग्गाको व्यवस्थापन........ ९०
तालिका ४७ : जग्गाको स्वामित्व........ ९१
तालिका ४८ :सुकुम्बासी........ ९२
तालिका ४९ कृषि तथा पशुपालन कार्यका लागी जग्गा प्रयोग........ ९२
तालिका ५० :घरको स्वामित्व........ ९३
तालिका ५१ :करदाताको रुपमा दर्ता........ ९४
तालिका ५२ :वडागत रुपमा माछापालन गरिरहेको घरधुरी........ ९५
तालिका ५३ : सिचाई सुविधाको उपलब्धता........ ९५
तालिका ५४: सिचाईको स्रोत........ ९६
तालिका ५५ :गाईगोरु र भैसी साँगाको संख्या........ ९७
तालिका ५६ :बाखा/भेडा र कुखुरा/हाँसको विवरण........ ९७
तालिका ५७ साक्षरता........ ९९
तालिका ५८ : वडागत रुपमा साक्षरता........ ९९
तालिका ५९ :साक्षरताको लिङ्गिय विवरण........ १००
तालिका ६० : तहगत रुपमा शैक्षिक अवस्था........ १०१
तालिका ६१ : अध्ययनको क्षेत्र........ १०२
तालिका ६२ बिरामी हुँदा उपचारको लागि जानै ठाँउ........ १०२
तालिका ६३: उपचारको लागि जाने ठाँउ........ १०३
तालिका ६४ गत १२ महिनामा परिवारमा गर्भवती महिलाले नियमित रूपमा तालिम प्राप्त स्वास्थ्य कर्मीहरुबाट स्वास्थ्य जाँच........ १०४
तालिका ६५ बच्चालाई जन्म दिएको स्थान........ १०५
तालिका ६६ :स्वास्थ्य चौकी सम्मको दुरी........ १०६
तालिका ६७: एक वर्ष भित्र मृत्यु भएको विवरण........ १०६
तालिका ६८ मातृ मृत्यु........ १०७

तालिका ६९ बाल मृत्यु ........................................................................................................... १०७
तालिका ७० : खोपको मात्रा ........................................................................................................ १०८
तालिका ७१ : खानेपानीको मुख्य स्रोत ........................................................................................ ११०
तालिका ७२ खानेपानीको शुद्धता ................................................................................................ १११
तालिका ७३ खानेपाली शुद्ध पार्ने तरिका .................................................................................... १११
तालिका ७४ :शौचालयको सुविधा ................................................................................................ ११२
तालिका ७५ : फोहोरमैला व्यवस्थापन ........................................................................................ ११३
तालिका ७६ : ढलको व्यवस्था .................................................................................................... ११४
तालिका ७७ :ढल नहुदा व्यवस्थापन .......................................................................................... ११५
तालिका ७८ बत्तीको प्रमुख स्रोत ................................................................................................ ११८
तालिका ७९ खाना पकाउन प्रयोग गर्ने मुख्य इन्धन .................................................................. ११९
तालिका ८० परिवारले खाना पकाउन प्रयोग गर्ने चुल्होको प्रकार ................................................ १२०
तालिका ८१ भान्सामा वायु संचार प्रणाली ................................................................................ १२०
तालिका ८२ घरायसी सामानको उपभोग ...................................................................................... १२१
तालिका ८३ परिवारले उपभोग गरेको सुविधाहरु वडागत रुपमा ................................................ १२२
तालिका ८४ वितेको एक वर्षभित्र कुनै प्रकोपबाट तपाइँको परिवार पिडीत भयो ? ........................ १२५
तालिका ८५ : संघ संस्थामा आवद्धता ........................................................................................ १२७
तालिका ८६ : घरायसी कामको निर्णय ........................................................................................ १२८
तालिका ८७ :घरायासी काममा संलग्न ........................................................................................ १२८

चित्र १ उमेर समूह अनुसार जनसंख्या ........................................................................................ ३९
चित्र २: कुनै अपाङ्गता छ ........................................................................................................ ५४
चित्र ३ वडागत तुपमा बसोबसको स्थिति .................................................................................... ५७
चित्र ४ : विदेश जानुको कारण .................................................................................................. ५९
चित्र ५ वडागत रुपमा विदेश जाने संख्या (प्रतिशतमा .................................................................. ६०
चित्र ६ घरको नक्शापास (प्रतिशतमा) ........................................................................................ ८३
चित्र ७ भवन मानदण्डको पालना .............................................................................................. ८४
चित्र ८ जग्गा सँग छोएको सडकको प्रकार (प्रतिशतमा) ................................................................ ८८
चित्र ९ राजापुर नगरपालिको पूर्वाधार ...................................................................................... १०९
चित्र १० घरयासी फोहोरको व्यवस्थापन .................................................................................. ११३
चित्र ११ ढल नहुदा गरिने फोहोरको व्यवस्थापन ...................................................................... ११५
चित्र १२ परिवारमा महिला सदस्य कुनै सङ्घ/संस्थामा संलग्न .................................................... १२६
चित्र १३ संघ संस्थामा संलग्नता प्रतिशत .................................................................................. १२७

# खण्ड १ भूमिका

## १.१ पृष्ठभूमि

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि वैज्ञानिक योजना पद्धतिको आवश्कता पर्दछ । वैज्ञानिक योजना पद्धति निर्माणका लागि भरपर्दो तथ्याङ्कको अपरिहार्य हुन्छ । त्यसैले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरूको खोजी गर्न सहि तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुनाले कुनै पनि स्थानीय तहमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका संस्थागत सूचनाहरूलाई व्यवस्थित ढंगले संकलन एन्ड्रोइड प्रविधि अपनाई प्राथमिक तथ्याङ्कका आधारमा गरी यो नगर एकीकृत स्थानिय तह वस्तुगत विवरण तयार गरिएको छ । नगरपालिकोको समग्र भौतिक, सामाजिक तथा आर्थिक विकास गर्नको लागि नगरको समग्र तथ्याङ्क आवश्यक पर्दछ ।

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरे बमोजिम नगरपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । चौधौं योजनाले पनि नगरपालिकाहरुको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको (२०७६/७६–२०८०/८१) ले पनि विकास योजना सम्बन्धका लागि नगरपालिकाहरूले भौगोलिक सूचना केन्द्र स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ । यसै प्रयोजनको लागि नगरपालिकाको वस्तुस्थिति झल्कने गरी नगरपालिका एकीकृत स्थानिय तह वस्तुगत विवरण (ILG-Profile ) तयार गरिएको हो ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरु निम्नानुसार छन्

- क) नगरपालिकाको जनगणना गरी प्राथमिक तथ्याङ्क तयार पार्ने
- ख) नगरपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरुको अवगत गराउने
- ग) नगरपालिकाको जनसंख्या तथा विकासात्मक वस्तुस्थिति औंल्याउने
- घ) नगरपालिका भित्र बसोवास गर्ने मानिसहरुको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने
- ङ) नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने
- च) नगरपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्नु

छ) नगरपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तरसम्म सूचना उपलब्ध गराई व्यवस्थापन गर्नु

ज) स्थानिय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने

झ) नगरपालिका स्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरि आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्न सहयोग पुर्याउने

ञ) नगरपालिकाको आगामी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने

ट) नगरपालिका क्षेत्रभित्र रहेका सेवा तथा सुविधाहरुको बारेमा जानकारी गराउने

## १.३ अध्ययनको महत्व

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्देशन गरे बमोजिम गाउँपालिका/नगरपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । नगरपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको यो ILG-Profile ले तुलनात्मक मूल्यांकनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्बन्धी जानकारी स्पष्ट हुनु जरुरी छ । विभिन्न स्थानको आवश्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्नका लागि यस अध्ययनले राजापुर नगरपालिकालाई सहयोग गर्नुका साथै समानुपातिक विकासमा अन्य सरोकारवालाहरुलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ । यसका अलावा ILG-Profile को यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरुलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ ।

## १.४ अध्ययनको औचित्य

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय निकायहरूलाई स्वायत्त सकारको रुपमा स्थापित गरेको छ । विकास खर्च थप गर्नुका साथै नेपाल सरकारले नगरपालिकाहरुको न्यूनतम शर्त मापनका सूचकहरु पनि निर्धारण गरेको छ । ती सूचकहरु मध्ये हरेक नगरपालिकाले आ–आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधाारित ILG-Profile तयार गर्नु एक हो । भौतिक विकासका दृष्टिले कमजोर स्थिति रहेको नेपालको सन्दर्भमा यस प्रकारको कार्यले विशेष महत्व राख्दछ । यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा नगरपालिकाले उपलब्ध श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन एवम् अनुगमन मूल्यांकनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो अध्ययनको औचित्य रहन्छ ।

नगरपालिका भित्रका जनसंख्या, घरधुरी, देशका अन्य भाग तथा विदेशमा रहेका नागरिकहरुको जानकारी पनि प्राप्त हुनेछ । नागरिकहरुको सिप, उनिहरुको स्वास्थ्य अवस्था, प्रशासनिक कागजपत्रहरुको प्राप्त गरे नगरेको यथार्थ विवरण प्राप्त गर्न सकिने हुनाले यस अध्ययनको विशेष महत्व रहेको हुन्छ ।

## १.५ अध्ययन विधि

यस राजापुर नगरपालिकाको iLG-Profile तयार गर्दा प्रयोग गरिएको विधिहरु निम्नअनुसार रहेको छः

- Android mobile प्रयोग गरेर kobo collect App बाट विशिष्टकृत प्रश्नावलीको आधारमा जनगणना गरिएको छ
- नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, एकीकृत स्थानिय तह वस्तुगत विवरणले तयार पारेको प्रश्नावलीहरु नै प्रयोग गरिएको हो ।
- यस अध्ययनको प्रतिवेदनमा तथ्याङ्क विश्लेषणका क्रममा विभिन्न तालिकाहरु, चित्रहरु तथा नक्साको प्रयोग गरी वर्णनात्मक तथा तुलनात्मक रुपमा विश्लेषण गरिएको छ ।

## १.६ अध्ययनका सिमाहरु

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरे बमोजिम नगरपालिका iLG-Profile तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरुको स्रोत र आधार वर्ष खुलाईएको छ । नगरका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय, विभागहरु, सम्बन्धीत नगरपालिका आदि स्रोतहरुबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ । पाश्र्वचित्रको अवधारणा अनुसार यसले राजापुर नगरपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ । अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ । तैपनि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई केही सीमिततामा बाँधिएको छ । यस अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसार तथ्याड्क संकलन गरिएको छ ।

# खण्ड २ :  राजापुर नगरपालिकाको परिचय

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

नेपालको लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लामा पर्ने राजापुर नगरपालिका भौगोलिक हिसाबले २८° २१" २५.१६' देखि २८° २९' ४३" उत्तरी आक्षांश र ८१° ३' २५.६३" देखि ८१° १२' ५२" सम्म पूर्वी देशान्तरसम्म फैलिएको छ । समुद्र सतहबाट १४२ मिटर देखि १५४ मिटर सम्मको उचाइमा अवस्थित राजापुर नगरपालिका ऐतिहासिक तथा धार्मिक महत्व बोकेको एउटा प्रमुख कृषि क्षेत्र हो । १२७.०८ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस नगरपालिकाको उत्तरमा गेरुवा गाउँपालिका र कैलाली जिल्ला, पश्चिमतिर कैलाली जिल्ला, दक्षिणमा भारत र पूर्वमा मधुवन नगरपालिका रहेका छन् । राजापुर नगरपालिकालाई २०७१ पौष २५ गते साविकको दौलतपुर, नयाँगाउँ, राजापुर, बदलापुर, भिम्मापुर र मानपुर टपरा गा.वि.स. समावेश गरी १९ वडा सहितको राजापुर नगरपालिका घोषणा गरीएको थियो भने मिति २०७३ फागुन २२ गते साविकको राजापुर न.पा. र खैरिचन्दनपुर गा.वि.स. समावेश गरि जम्मा १० वडा कायम गरेको छ । यस नगरपालिकाको नाम राजापुर रहनुको कारण विभिन्न जनविश्वास र ऐतिहासिक पृष्ठभूमि रहेका छन् । कहिले गोलामण्डी, कहिले राजापुर नाम भएको यस ठाउँमा राजाराम कुर्मीको नामबाट राजापुर भएको हो भन्ने कथन रहेको छ भने अर्को कथन अनुसार यस ठाउँमा पहिला ठकुरी जातिका राजा रजौटाहरुले बसोबास गर्थे पछि राजा राजा हुंदै राजापुर भएको हो भन्ने विश्वास पाइन्छ । नगरपालिकामा पठनपाठनका लागि २९ वटा आधारभुत (१—५), ९ वटा आधारभुत (१—८), ६ वटा मा.वि. (१—१०) र ६ वटा मा.वि. (१—१२) गरी जम्मा ५० वटा विद्यालय र ७५ वटा बालविकास केन्द्रहरु शिक्षण संस्थाहरु रहेका छन् । बर्दिया जिल्लामा नयाँ गठन भएका नगरपालिकाहरुमा धेरै सम्भावना बोकेको नगरपालिकाको रुपमा राजापुर नगरपालिका त छँदैछ यसका अतिरिक्त सचेत राजनैतिक दल र उत्प्रेरीत नगरवासी समेत यो नगरपालिकाका दरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन् । यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ ।

घरधुरी तथ्याङ्क संकलन २०८० अनुसार कुल जनसख्या ६०९२७ मध्ये महिला ३०२८८ ,पुरुष ३०६२४ र अन्य लिङ्ग १५ जना छन । यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । सबैभन्दा बढी थारु ४७६१७ जना (७८.२%), दोस्रोमा पहाडी ब्राम्हण/क्षेत्री ४०४९ (६.६%) र तेस्रोमा दलित २६२४ (४.४%) हरुको बसोबास रहेको छ । शहरी र ग्रामिण क्षेत्रको रुपमा रहेको नगरमा ब्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा

रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा समेत रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम अत्याधिक बढिरहेको छ । विगतमा योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघि, होलि, गौरा, कृष्णजन्माष्टमी, बकरइद, आईतबारी, छठपर्व, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।




*Figure 1 नगरपालिकाको वस्तुगत नक्शा*

## २.२ राजनैतिक तथा प्रशासनिक केन्द्र

राजापुर नगरपालिकालको राजनैतिक तथा प्रशासनिक केन्द्र साविकको राजापुर नगरपालिकाको कार्यालय रहेको छ । नगरपालिकामा विधिवतरुपमा अर्थात कार्य सञ्चालन २०७१ जेठ ५ बाट भएको हो । १० वटा वडामा विभाजित यस राजापुर नगरपालिकामा २४ मतदान केन्द्र रहेका छन् । संघीय निर्वाचन २०८० (२०८० साल बैशाख सम्म १८ वर्ष पुरा भएका) को अन्तिम मतदाता संख्याको विवरण

अनुसार यस नगरपालिकामा मतदाता संख्या ४५,२२९ रहेका छन् । वडागत रुपमा मतदाता नामावली यसप्रकार छः

*तालिका १ वडागत रुपमा मतदाता संख्या*

| वडा | पुरुष | महिला | अन्य | जम्मा |
|---|---|---|---|---|
| १ | २१६४ | २२५२ | ० | ४४१६ |
| २ | २२१७ | २२८९ | ० | ४५०६ |
| ३ | २२६७ | २३३६ | ० | ४६०३ |
| ४ | २८१४ | २७१४ | १ | ५५२९ |
| ५ | २६०३ | २६१६ | ० | ५२१९ |
| ६ | २३६४ | २४१९ | ० | ४७८३ |
| ७ | १५३९ | १५२४ | ० | ३०६३ |
| ८ | २१०७ | २२०८ | ० | ४३१५ |
| ९ | १८६८ | १९४५ | ० | ३८१३ |
| १० | २४९३ | २४८९ | ० | ४९८२ |
| **जम्मा** | **२२४३६** | **२२७९२** | **१** | **४५२२९** |

स्रोतः निर्वाचन आयोग, २०८०

### २.२.१ नगरपालिकाको स्थापना

राजापुर नगरपालिकालाई २०७१ पौष २५ गते साविकको दौलतपुर, नयाँगाउँ, राजापुर, बदलापुर, भिम्मापुर र मानपुर टपरा गा.वि.स. समावेश गरी १९ वडा सहितको राजापुर नगरपालिका घोषणा गरिएको थियो । नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार माननिय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकको राजापुर न.पा. र खैरिचन्दनपुर गा.वि.स. समावेश गरि हालको राजापुर नगरपालिका बनेको छ । थप गरिएका वडाहरुलाई समावेश गरि हाल राजापुर नगरपालिकामा १० वटा वडाहरु कायम गरिएको छ । राजापुर नगरपालिकाको संरचना तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका २ राजापुर नगरपालिकाको वडा विभाजन*

| कायम गरिएका वडाहरु | समावेश भएका साविकका गा.वि.स.र न.पा. हरु | साविकको वडा नं. |
|---|---|---|
| १ | राजापुर न.पा. | १,२ |
| २ | राजापुर न.पा. | ३,४ |
| ३ | राजापुर न.पा. | ५,६,१० |
| ४ | राजापुर न.पा. | ११,१२ |
| ५ | राजापुर न.पा. | ७,८,९ |
| ६ | राजापुर न.पा. | १६,१७ |
| ७ | राजापुर न.पा. | १३ |
| ८ | राजापुर न.पा. | १४,१५ |
| ९ | राजापुर न.पा. | १८,१९ |
| १० | खैरीचन्दनपुर गा.वि.स. | १ देखि ९ |

स्रोतः राजापुर नगरपालिका

## २.३ भौगोलिक अवस्थिति

लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लामा अवस्थित यस राजापुर नगरपालिका भौगोलिक क्षेत्रको हिसाबले समथर तराई क्षेत्रमा पर्दछ । राजापुर नगरपालिका नेपालको मानचित्रमा हेर्दा भौगोलिक हिसाबले २८° २१' २५.१६" देखि २८° २९÷ ४३" उत्तरी आक्षांश र ८१° ३÷ २५.६३" देखि ८१° १२÷५२" सम्म पूर्वी देशान्तरसम्म फैलिएको छ । समुन्द्र सतहबाट १४२ मिटर देखि १५४ मिटर सम्मको उचाइमा अवस्थित रहेको यस नगरपालिकाले कुल १२७.०८ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ । यस नगरपालिकाका उत्तरमा गेरुवा गाउँपालिका र कैलाली जिल्ला, पश्चिमतिर कैलाली जिल्ला, दक्षिणमा भारत र पूर्वमा गेरुवा गाउँपालिका रहेका छन् ।

## २.४ भूक्षेत्र (टोपोग्राफी)

### २.४.१ माटोको बनावट र उर्वराशक्ति

राजापुर नगरपालिका प्राकृतिक सम्पदाको हिसाबले यो नगरमा कृषिको लागि उपयुक्त माटोको रहेको छ । नगरपालिका कुल ८१.२४ प्रतिशत जमिन खेतीयोग्य जमिनले ओगटेको छ भने ३.२९ प्रतिशत जमिन जल क्षेत्रले ओगटेको छ । नगरपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, मकै, मास, मुसुरो, अरहर, आलस, तोरी आदी हुन् ।

### २.४.२ भू—क्षेत्रको वर्गीकरण

राजापुर नगरपालिकाको भूमिलाई भू—बनौट, प्रणाली, तथा भू—स्खलन जस्ता प्रवृत्तिका आधारमा अध्ययन गर्दा भूमिको वर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ । अर्को शब्दमा, भू—स्खलन वा भू—क्षयीकरणको प्रवृत्ति भूबनोट अनुसार फरक पर्दै जान्छ । त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical Infrastructure) का आधारमा माटोको अवस्था र भिरालोपन आँकलन गरिएको छ । राजापुर नगरपालिकाको भूमिलाई भू—बनौट, पारिस्थितिक प्रणाली, तथा भू—स्खलन जस्ता तत्वका आधारमा भूमिको वर्गीकरणलाई हेर्दा नगरपालिकाको जमिनमा १.३ डिग्रि देखि ६ डिग्रि सम्मको भिरालोपन देखिन्छ । यस नगरपालिकाको भू—उपयोगको अवस्थालाई हेर्दा धेरै समथर भूमि रहेको पाइन्छ । समथर भूमि भएको कारणले यस नगरपालिकाको भिरालोपनामा खासै फरक नभएको पाइन्छ । जसलाई तल उल्लेख गरिएको छ ।




*Figure 2 उचाईको विवरण*

**क) Slope $1^0$ - $5^0$ (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रो गरि हुने, कान्ला बनाई खेती गर्न सकिने)**

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ । मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गह्राहरू बनाउनु पर्दछ । सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू—क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू

अपनाउनु पर्दछ । माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू—क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ । यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ । मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ । यस्तो जमिनमा धान खेती गर्न सकिन्छ । सिंचाइ सुविधा उपलब्ध भएको छ भने मोटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ । सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ ।

**ख) Slope $5^0$ - $30^0$ (माटोको गहिराई ५०-१०० सेमी भएको पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)**

**$5^0$ - $30^0$** स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मि. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ । यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भू— क्षयीकरणका प्रवृत्तिहरू सामान्यरुपमा देखा परि रहन्छन् । त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ । वन, वनस्पतीका लागि यो जमिन त्यति सहज हुँदैन । गाईवस्तुको आवत—जावतबाट भू—क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन । तर, पालैपालो निश्चित स्थानहरूमा गाईवस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पनि पुर्याउन सक्दछ । यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू—क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ । यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ । यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ । सिंचाइको प्रयोग नियमित रुपमा पहिले देखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू—क्षयको समस्या आउदैन, तर

नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा सावधानी अपनाउनु पर्दछ । एक्कासी बढी सिंचाइ भएको खण्डमा भू—क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ ।




*Figure 3 जमिनको भिरालोपन*

## २.४.३ हावापानी

जलवायुको हिसाबले यस नगरपालिका उष्ण तथा उपोष्ण प्रकारको हावापानी रहेको छ । प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन । चैत्र महिनादेखि आश्विनको सुरुसम्म

गर्मी हुन्छ । आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ । जेष्ठको अन्त्य देखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । सबै स्थानीय स्तरमा तापक्रम मापन नभएको हुँदा बर्दिया जिल्लाको तापक्रमलाई आधार मानि राजापुर नगरपालिकाको तापक्रम अनुमान गरिएको छ । गर्मीयाममा यहाँको औषत अधिकतम तापक्रम ४१ डिग्री सेल्सियस सम्म पुग्छ भने हिउँदमा औषत न्युनतम ७ डिग्री सेल्सियस सम्म पुग्न जान्छ ।

## २.५ नगरपालिकामा रहेको सम्भाव्यता र अवसर

नगर क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत कृषि, व्यपार, सेवामुलक व्यवसाय, नोकरी, यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, नदीनालाहरुमा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन् ।

समग्रमा यस राजापुर नगरपालिकाको नगर क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ । नगरमा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलपूmल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ । आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकता अनुसार वृद्धि हुन सकेको छैन । जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ ।

नगरमा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा वैज्ञानिक कृषि योजनाको अभावमा माटोको उर्वराशक्ती क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ । योजना विना हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा बस्न लायक जिवन्त स्थानको जोहो गर्न सकिनेछ । नगरको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ । जसबाट रोजगार श्रृजना गरी समग्र नगरपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ ।

यस नगरपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई  व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ ।

नगरपालिकाका कर्णाली नदीको प्राकृतिक बहाबले निर्माण गरेको टापु भएकाले अन्य ठाउँहरूमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी भारतबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाले बजार लिने सम्भावना रहेको छ ।

नगरपालिका तथा नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले वैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ । यस नगरका इच्छुक युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी एकीकृतरुपले स्वदेश मै रोजगारी श्रृजना गर्न सके नगरको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुर्याउने प्रशस्त सम्भावना देखिन्छ ।

यसका अतिरिक्त राजापुर नगरपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- ✓ नगरपालिका क्षेत्र भित्र रहेका नदी तथा खोलाहरुबाट आधुनिक कुलो तथा नहर मार्फत् पानी सिंचाई गरी व्यवसायिक  रुपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।
- ✓ स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुविधा लिनुका साथै समग्र नगरपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ ।
- ✓ तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले व्यवसायिक कृषि उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ ।
- ✓ धान खेतीको लागि नेपालकै प्रसिद्ध ठाँउ भएकोले धान खेतीलाई प्राथमिकतामा राखेर काम गर्नु पर्ने देखिन्छ ।
- ✓ माछापालन गरेर यस क्षेत्रका नागरिकहरुले जिविकोपार्जन गर्न सक्ने देखिन्छ ।
- ✓ यस नगरपालिका क्षेत्रमा कृषिमा आधारित र थप औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी वृद्धि  गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ ।
- ✓ यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरु रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- ✓ सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशिल रहेकाले नगरपालिकाको विकासमा साझेदारी हुन सक्ने देखिन्छ ।

- ✓ नगर क्षेत्रमा उपभोक्ताहरुको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

## २.६ नगरपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरु

यस राजापुर नगरपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरुलाई

निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ । अवसर तथा सम्भावनाहरु

- ✓ उर्बर कृषि जमिन, नदी नाला, सम्म भौगलिक अवस्था र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको उपलब्धता देखिन्छ ।
- ✓ शिक्षित मानविय श्रोतमा वृद्धि हुँदै गएको देखिन्छ ।
- ✓ युवा जनसमुदायको बाहुल्यता देखिन्छ ।
- ✓ राष्ट्रिय राजमार्ग प्रणालीसंग आवद्ध भएको छ ।
- ✓ शिक्षा केन्द्रहरुको संचालनमा व्यवस्था
- ✓ धार्मिक, ऐतिहासिक साथै प्राकृतिक महत्व रहेको यस क्षेत्रमा पर्यटन क्षेत्रको विकासको संभावना रहेको छ ।

### समस्या तथा चुनौती

- ✓ नगरपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु ।
- ✓ नगरपालिका क्षेत्रमा खानेपानी उचित व्यवस्थापन हुन नसक्नु ।
- ✓ नगरपालिका क्षेत्रमा ढलको उचित प्रबन्ध/व्यवस्थापन अझै पनि हुन सकेको देखिँदैन ।
- ✓ नगरपालिका क्षेत्रभित्रका धेरै सडकहरु कच्ची तथा कम गुणस्तरको रहनु ।
- ✓ पर्याप्त कृषियोग्य भूमी भएतापनि व्यवसायिक खेतीको विकास हुन नसक्नु ।
- ✓ आयश्रोतको कमिले नगरपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- ✓ विकास निर्माणलाई व्यवस्थित बनाउन नसक्नु ।
- ✓ नगरपालिका क्षेत्रभित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखानाको कमी नहुनु ।
- ✓ आकासे पानीमा निर्भर सिचाई
- ✓ परामपरागत निर्वाहमुखी कृषि प्रणाली
- ✓ सुकुम्बासीहरुको सघन उपस्थिती हुनाले धेरै घरपरिवारहरु अझै पनि आफ्नो जग्गा जमिन नहुँदा जिविकोपार्जनमा समस्या देखिदै आएको छ ।

## २.७ नगरपालिकाको अन्तर नगर/गाउँपालिका सम्बन्ध

नगरहरुको बीच कुनै न कुनै रुपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ । सम्बन्धको प्रकृति र दुरी नगरहरू बिच फरक—फरक हुन सक्छ । मानव विकासको निम्ती विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक नगरले अर्को नगरमा निर्भर रहनु पर्ने हुन्छ । ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावर, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन् । यस नगरपालिकामा भएका विविध खाले सुविधा प्राप्त गर्न अन्य नगर तथा गाउँबाट आउने गरेको देखिन्छ । पहाडी क्षेत्रबाट कृषि र बनजन्य उत्पादनहरू तराई भित्रिने गर्दछन । तराई क्षेत्र पहाडी जिल्लाहरूको तुलनामा सुविधा सम्पन्न भएकोले बसाईसराईको प्रबृत्ति निकै बढी देखिन्छ । भौगोलिक रुपमा एउटै क्षेत्रमा अवस्थित हुँदा हवाई र सडक यातायातको सुविधाका कारणले सुविधा उपलब्ध नगरहरूमा आउने जाने गर्दछन । मौसमी रोजगारको लागि पहाडबाट तराई झर्ने प्रचलन रहेको देखिन्छ । यी विविध कारणले अन्तरनगरपालिका सम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ ।

साथै, यस नगरपालिकाको छिमेकी गाउँपालिका/नगरपालिका तथा जिल्ला समन्वय समिति जस्ता सरकारी निकायहरुसंग राम्रो सम्वन्ध रहेको छ । फलतः यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ । त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ ।

## २.८ नगर विकासमा देखिएका समस्या तथा चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीब्र गतिमा विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् ।

- बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन । बस्तीहरूमा सुविधा वर्गीकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यलय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन ।
- बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा वृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन । शहरी बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बजारको समेत व्यवस्था

गर्नुपर्ने देखिन्छ । खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ ।

- सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बीच समन्वय हुन नसकि पूर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन । यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु जरुरी रहेको देखिन्छ ।
- राजापुर नगरपालिकाको बैज्ञानिक बसोबास योजनाको आधार तयार गरी व्यवस्थित विकासमा जोड दिनु आवश्यक देखिन्छ । बस्तीहरूको विकासको लागि गुरुयोजना बनाई आवासिय क्षेत्र, व्यवसायिक क्षेत्रहरू, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेलमैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र निर्धारण गर्न जरुरी देखिएको छ ।
- जलवायु परिवर्तन र त्यसबाट उत्पन्न हुने विपद जन्य घटनाहरु सँग जुध्ने पर्याप्त साधन तथा प्राविधिक जनशक्तीको कमि देखिन्छ । तथापी नगरपालिका अन्य दातृ निकाएबाट प्राप्त हुने प्राविधिक सहयोगले विगत भन्दा अवस्था सुध्रिएको देखिन्छ ।

## २.९ सिमसार क्षेत्र

नदी, नाला, तलाउ, पोखरी, कुवा, धाप तथा दलदले क्षेत्रहरू खासगरी जहाँ जमिन लुक्दैन पानी सुक्दैन त्यस्ता क्षेत्रहरूलाई सिमसार भनिन्छ । यस नगरमा साना ठुला गरी प्राकृतिक ताल तलैया रेकर्ड गरिएको छैन । नगरमा केही स—साना पोखरीहरु रहेका छन् ।

## २.१० नदीनाला तथा पोखरीहरु

नगरका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका पोखरीहरूले जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ । साथै यस्ता जलस्रोतहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ । मानव वस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको अत्याधिक चरीचराउ र उपयोगले प्राकृतिक पोखरीहरुमा भूक्षय भई पुरिने क्रम जारी छ । यस्ता प्राकृतिक पोखरीहरुमा पुनरुद्धार गरी माछापालन गरेमा जनताका लागि आवश्यक माछाको आपूर्ति हुने मात्र नभई कतिपय तालहरूमा पर्यटकिय आकर्षणको रुपमा जल विहार र नौकायन समेत गर्न सकिने देखिन्छ । तलको तालिकामा नगरका प्रमुख ताल तथा पोखरीहरूको स्थिति देखाइएको छ ।





## २.११ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु

एउटा विशिष्ट भौगोलिक संरचनाले श्रृजना गरेको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारण नेपाल विश्वमा नै एउटा पर्यटकीय गन्तब्य स्थलको रुपमा परिचित छ । पर्यटन हाम्रो लागि प्रकृतिले प्रदान गरेको बरदान हो । अत्यन्त रमणीय विश्वकै उच्च हिमश्रृंखलाहरु, अनवरत बग्ने कञ्चन हिम नदीहरु, झर्ना, तालतलैया, प्राकृतिक गुफा, विविधतायुक्त वन जंगल यहाँको प्राकृतिक निधिहरु हुने यहाँको संस्कृति, जाति तथा रहनसहन समेत पर्यटनका आकर्षक पक्षहरु हुन् । यी सम्पूर्ण पर्यटकीय सम्पत्तिको पूर्ण सदुपयोग गरेमा देशको आर्थिक सम्वृद्धिमा उल्लेखनीय योगदान पुर्याइ देशको अर्थतन्त्रलाई सवल बनाउन सकिने निश्चित छ । तसर्थ पर्यटन नीति २०६५ ले मुलभूत रुपमा पर्यटन मार्फत स्वरोजगार श्रृजना, गरिबी निवारण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्ने र पर्यटन पूर्वाधारलाई दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाउने उद्देश्य लिएको छ ।





अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासीक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्य स्थलको रुपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्याधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस

व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र संवर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ । प्राकृतिक ताल, तलैया, सिमसार क्षेत्र तथा नदीहरु र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरुको भ्रमण हुने गर्दछ ।

## २.१२ मुख्य चाडपर्वहरु

यस नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन् ।



कोइरी/कुशवाहा, क्षेत्री, तामाङ्ग, मगर, यादव, ब्राम्हण पहाडी, कामी, नेवार, चमार आदि जातका मानिसहरु रहेका छन् जसमा अधिकांश हिन्दू धर्म मान्ने मानिसहरुको बाहुल्यता रहेको छ भने मुस्लिम र क्रिस्चियन धर्म मान्ने मानिसहरु पनि छन् । सबै जातजाती र सम्प्रदायका आ–आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन् । जसमा वडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने– माघे संक्रान्ती, माघी, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी–हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, गोठाले, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोह्रश्राद्ध जितीया,

| २ | २८.४ | १३.३ | २८ |
| ३ | ३२.३ | २२.३ | ३०.६ |
| ४ | १४.९ | ६ | १४.२ |
| ५ | २७.२ | १८.५ | २४.९ |
| ६ | २९.३ | १८.६ | २८.१ |
| ७ | ३०.९ | २४.८ | २९.५ |
| ८ | २३.८ | १०.९ | २१.८ |
| ९ | ३६.५ | ३१.७ | ३६.४ |
| १० | ३५.८ | १३.४ | ३५.२ |
| जम्मा | २९.७ | १९.४ | २८.२ |

*स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०*

## ६.२.४ एक वर्ष भित्र मृत्यु भएको विवरण

विगत १ वर्ष भित्र २९९ जनाको परिवारमा केही मानिसको मृत्यु भएको देखिन्छ । सबैभन्दा धेरै वडा नम्बर ३ र ६ मा देखिन्छ ।

*तालिका ६५: एक वर्ष भित्र मृत्यु भएको विवरण*

| वडा नम्बर | तपाईको परिवारमा १ वर्ष भित्र परिवारको सदस्यको मृत्यु भएको छ ? |
|---|---|
| १ | २८ |
| २ | ३६ |
| ३ | ४१ |
| ४ | ३१ |
| ५ | २२ |
| ६ | ४२ |
| ७ | २१ |
| ८ | ३२ |
| ९ | २२ |
| १० | २४ |
| जम्मा | २९९ |

*स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८*

### ६.२.५ मातृ र बाल मृत्यु

राजापुर नगरपालिकामा गत १२ वर्ष ७ जना महिलाको  गर्भवती अवस्थामा वा सुत्केरी हुँदा वा सुत्केरी भएको ६ हप्ता भित्र मृत्यु भएको थियो । जुन वडा नम्बर ४ र ५ मा २ जना र १, ३, र ६ मा एक एक जनाको मृत्यु भएको थियो ।

*तालिका ६६: मातृ मृत्यु*

| वडा नं. | गत १२ महिनामा तपाईंको परिवारको कुनै महिला सदस्यको गर्भवती अवस्थामा वा सुत्केरी हुँदा वा सुत्केरी भएको ६ हप्ता भित्र मृत्यु भएको थियो ? |
|---|---|
| १ | १ |
| ३ | १ |
| ४ | २ |
| ५ | २ |
| ६ | १ |
| जम्मा | ७ |

*स्रोतः iLG Profile घरधुरी  तथ्यांक २०८०*

राजापुर नगरपालिकामा गत १२ महिनामा ९ जनाको परिवारमा कुनै जन्मिएको शिशुको सुत्केरी हुँदा वा सुत्केरी भएको ६ हप्ता भित्र मृत्यु भएको थियो ।

*तालिका ६७: बाल मृत्यु*

| वडा नम्बर | गत १२ महिनामा तपाईंको परिवारमा कुनै जन्मिएको शिशुको सुत्केरी हुँदा वा सुत्केरी भएको ६ हप्ता भित्र मृत्यु भएको थियो ? |
|---|---|
| १ | २ |
| ३ | १ |
| ४ | १ |
| ५ | ३ |
| ६ | १ |
| ९ | १ |
| जम्मा | ९ |

*स्रोतः iLG Profile घरधुरी  तथ्यांक २०८०*

### ६.२.६ खोपको मात्रा

राजापुरमा बस्ने झण्डै ६९९१ घरपरिवारले ५ वर्ष मुनिका शिशुहरुलाई खोपको पुर्ण मात्रा दिएको देखियो भने बाँकी घरधुरीमा लगाएको देखिदैन । तर ति बाँकी घरहरुमा ५ वर्ष मुनिका बालबालिका छैनन भने त्यो संख्या

यो तथ्याङ्कमा समेटिएको हुदैन । वडा नम्बर ४ र १० का धेरै परिवारमा पुर्ण मात्रामा खोप लगाएको पाइन्छ ।

*तालिका ६८ : खोपको मात्रा*

| वडा नम्बर | तपाईंको परिवारमा ५ वर्ष मुनिका केटाकेटीलाई सबै खोपको मात्रा (वि.सि.जी., डि.पि.टी. र दादुरा) दिनु भएको छ ? |
|---|---|
| १ | ५२३ |
| २ | ९७९ |
| ३ | ६६५ |
| ४ | १३९३ |
| ५ | ४६५ |
| ६ | ४३६ |
| ७ | २५६ |
| ८ | ४१९ |
| ९ | ६९८ |
| १० | ११५७ |
| **जम्मा** | ६९९१ |

*स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०*

# खण्ड ७ : पूर्वाधार




*चित्र ९ राजापुर नगरपालिको पूर्वाधार*

## ७.१ खानेपानी तथा सरसफाई

खानेपानी तथा सरसफाइ नगरपालिकाको समृद्धीको एउटा आधार हो । यसले नगरबासीको दैनिकी तथा स्वास्थ्यमा असर पारिरहेको हुन्छ । खानेपानीको उचित व्यवस्थापन आजको दिनको आवश्यकता पनि हो ।

### ७.१.१ खानेपानी सुविधाको अवस्था

राजापुनर नगरपालिकाको खानेपानीको मुख्य स्रोत ट्युवेल/ह्याण्डपम्प रहेको छ जुन झण्डै ८० प्रतिशत रहेको छ । साथै घर कम्पाउन्ड बाहिरको पाइप धारा १०.९ प्रतिशत घरधुरीले प्रयोग गर्दछन । घर कम्पाउन्डको पाईप धाराको स्रोत करिव ५.६ प्रतिशत घरमा रहेको छ भने ३.६ प्रतिशत अन्य विभिन्न स्रोतहरु जस्तै जार, डिप बोरिङ, ढक्कल लगाको इनार आदि रहेका छन ।

*तालिका ६९ : खानेपानीको मुख्य स्रोत*

| वडा नं. | खानेपानीको मुख्य स्रोत | | | | |
|---|---|---|---|---|---|
| | ट्युववेल/हेन्डपम्प | पाइपधारा घर कम्पाउण्ड बाहिर | पाइपधारा घर कम्पाउण्डमा | अन्य (जार,डिप बोरिङ, ईनार, नदी आदि) | **जम्मा** |
| १ | १३०६ | १७ | ३ | ३१ | **१३५७** |
| २ | ७९५ | २६३ | ३ | २३५ | **१२९६** |
| ३ | १३५२ | २ | २ | १९ | **१३७५** |
| ४ | १७७५ | ५ | २ | ९३ | **१८७५** |
| ५ | ८३५ | २९८ | ३१७ | २ | **१४५२** |
| ६ | १४०३ | ० | ० | ८ | **१४११** |
| ७ | ६१७ | २८७ | ३० | ६ | **९४०** |
| ८ | ५९२ | ५९० | १० | १२ | **१२०४** |
| ९ | ९७४ | २२ | ६ | ७० | **१०७२** |
| १० | १२१३ | ० | ३८२ | १० | **१६०५** |
| **जम्मा** | १०८६२ | १४८४ | ७५५ | ४८६ | **१३५८७** |
| **प्रतिशत** | **७९.९** | **१०.९** | **५.६** | **३.६** | **१००.०** |

*स्रोत: iLG Profile घरधुरी तथ्यांक २०८०*

### ७.१.२ खानेपानीको शुद्धता

खानेपालीको मुख्य स्रोत ट्युवेल तथा ह्याण्डपम्प रहेको छ । तर ७३.३ प्रतिशत घरधुरीले पानीलाई शुद्ध नगरी नै पिउने गरेका पाइन्छ । तसर्थ नगरपालिका आफ्ना नागरिकहरुलाई पिउने पानी शुद्ध

गरेर मात्र पिउनु पर्ने कुरामा जनचेतना जगाउनु पर्ने देखिन्छ किनकी वर्षायाममा पानीका यि स्रोतहरु दुषित हुन सक्छन जसको कारणले विभिन्न रोगहरु लाग्न सक्ने संभावना पनि रहेको हुन्छ ।

*तालिका ७० : खानेपानीको शुद्धता*

| वडा नं. | पिउने पानी पिउनु अघि शुद्धिकरण गर्ने गर्नुहुन्छ ? | | | |
|---|---|---|---|---|
| | छैन | छ | | जम्मा |
| १ | ९९३ | ३५९ | ५ | १३५७ |
| २ | ९०७ | ३८८ | १ | १२९६ |
| ३ | ९०४ | ४७१ | ० | १३७५ |
| ४ | १४०१ | १९० | २८४ | १८७५ |
| ५ | ८९८ | ५५३ | १ | १४५२ |
| ६ | ७६४ | ६४६ | १ | १४११ |
| ७ | ७९१ | १४७ | २ | ९४० |
| ८ | १०४४ | १५९ | १ | १२०४ |
| ९ | ९३७ | ११७ | १८ | १०७२ |
| १० | १३२४ | २७४ | ७ | १६०५ |
| जम्मा | ९९६३ | ३३०४ | ३२० | १३५८७ |
| प्रतिशत | ७३.३ | २४.३ | २.४ | १००.० |

*स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०*

### ७.१.३ खानेपानी शुद्ध पार्ने तरिका

खानेपानी शुद्ध पारेर पिउने घरधुरी मध्ये, ८५ प्रतिशत घरधुरीले फिल्टर गरेर पिउछ्न भने १३.३ प्रतिशतले उमालेर पिउने गरेका छन । त्यस बाहेक अन्य तरिकाहरु सोडिस गरेर, क्लोरिन झोल राखेर आदि रहेका छन् ।

*तालिका ७१ : खानेपाली शुद्ध पार्ने तरिका*

| वडा नम्बर | पिउने पानी शुद्धिकरणको तरिका | | | | | |
|---|---|---|---|---|---|---|
| | फिल्टर गरेर | उमालेर | सोडिस | क्लोरिन झोल या पिउस | अन्य | जम्मा |
| १ | ३१८ | ४० | | १ | | ३५९ |
| २ | ३७२ | १४ | | | २ | ३८८ |
| ३ | २०९ | २५८ | ३ | १ | | ४७१ |
| ४ | १३९ | ३४ | ५ | १ | ११ | १९० |
| ५ | ५३३ | १० | ८ | | २ | ५५३ |
| ६ | ६३३ | ११ | १ | १ | | ६४६ |
| ७ | १३२ | ८ | १ | | ६ | १४७ |
| ८ | १४७ | ६ | ४ | १ | १ | १५९ |
| ९ | १०५ | ७ | २ | | ३ | ११७ |
| १० | २१९ | ५१ | २ | | २ | २७४ |
| जम्मा | २८०७ | ४३९ | २६ | ५ | २७ | ३३०४ |
| प्रतिशत | ८५.० | १३.३ | ०.८ | ०.२ | ०.८ | १००.० |

*स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०*

### ७.१.४ शौचालयको सुविधा

सरसफाइको अर्को आधार उचित शौचालयको प्रबन्ध पनि हो । राजापुरका घरधुरीमा झण्डै दुई तिहाई चर्पीहरु साधारण र कच्ची चर्पी रहेका छन । सेफ्टि ट्याङ्क भएको फ्लस वाला चर्पी पनि झण्डै २७.१ प्रतिशत घरमा प्रयोग गरिरहेका छन । चर्पी नभएको घरधुरीको संख्या ३.६ प्रतिशत रहेको छ जुन धेरै जसो वडा नम्बर ८ मा रहेको छ ।

*तालिका ७२ : शौचालयको सुविधा*

| वडा नं. | शौचालय प्रकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | साधारण चर्पी | कच्ची चर्पी | फ्लस भएको (सेप्टिक ट्याङ्क) | शौचालय नभएको | फ्लस भएको (सार्वजनिक ढल) | सामुदायिक /सार्वजनिक चर्पी | उल्लेख नभएको | जम्मा |
| १ | ४०० | १४९ | ६९० | ५९ | ५० | १ | ८ | १३५७ |
| २ | ४२७ | ४५७ | ३७५ | ३० | १ | ० | ६ | १२९६ |
| ३ | ५३७ | २१४ | ५८० | २८ | ० | १४ | २ | १३७५ |
| ४ | ९०८ | ५०८ | ३३५ | २५ | ६ | १ | ९२ | १८७५ |
| ५ | ६४८ | ४५९ | २२४ | १९ | ८८ | २ | १२ | १४५२ |
| ६ | ३४९ | ४६६ | ५३२ | ६० | ३ | १ | ० | १४११ |
| ७ | ३६७ | ४०० | १५५ | १८ | ० | ० | ० | ९४० |
| ८ | ३२० | २६३ | ३८२ | १४८ | ८६ | २ | ३ | १२०४ |
| ९ | १८५ | ४९८ | १३६ | ५५ | १६३ | १४ | २१ | १०७२ |
| १० | ५३२ | ६८५ | २७२ | ९ | ९२ | १ | १४ | १६०५ |
| **जम्मा** | ४६७३ | ४०९९ | ३६८१ | ४५१ | ४८९ | ३६ | १५८ | १३५८७ |
| **प्रतिशत** | ३४.४ | ३०.२ | २७.१ | ३.३ | ३.६ | ०.३ | १.२ | १००.० |

*स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०*

### ७.१.५ फोहोरमैला व्यवस्थापन

राजापुरका झण्डै ७०.३ प्रतिशत घरधुरीले घरबाट निस्कने फोहोरलाई फोहोर थुपार्ने ठाँउमा लगेर व्यवस्थापन गर्दछन । त्यस्तै ५८.२ प्रतिशतले कम्पोष्ट मल बनाउने गर्दछन भने ३०.६ प्रतिशतले आफ्नै घर कम्पाउन्ड भित्र व्यवस्थापन गर्दछन् । खुल्ला रुपले सडक छेउमा, खुला ठाँउमा वा नदिमा लगेर फाल्ने पनि केहि घरधुरी रहेका छन ।




*चित्र १० : घरयासी फोहोरको व्यवस्थापन*

वडागत रुपमा नदि वा खोल्सामा फोहोर फाल्ने धेरै वडा नम्बर ४ मा देखिन्छ भने वडा नम्बर ३ मा कुनै पनि घरधुरीले खोलामा फोहोर फाल्दैनन । वडा ४ का घरधुरीमा सडक छेउमा फाल्ने, तथा सार्वजनिक स्थानमा बिसर्जन गर्ने प्रचलन अन्य वडाको भन्दा धेरै रहेको छ ।

*तालिका ७३ : फोहोरमैला व्यवस्थापन*

| वडा नं. | घरबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | नदी वा खोल्सामा | सडक छेउमा | फोहोर थुपार्ने ठाउँमा | आफ्नै घर कम्पाउण्ड भित्र | कम्पोष्ट मल बनाउने | सार्वजनिक स्थलमा | खासै निश्चित छैन | जम्मा |
| १ | ३८ | ६ | ४२८ | ३३ | ९७३ | १९ | ११ | १२४० |
| २ | २ | ५० | १२६९ | ५७० | ९७० | ३ | १ | १२९५ |
| ३ | ० | १४ | ६३७ | ५ | ८०४ | ७ | १३ | १३६७ |
| ४ | २१६ | ३०२ | १००२ | ६५४ | १९९ | १७९ | ९५ | १२५६ |
| ५ | २ | ८ | १२२९ | ६२६ | ६३३ | ५ | ० | १४४७ |
| ६ | १० | ३६ | १०७६ | ६३६ | ११३० | ६ | १३ | १४०९ |
| ७ | ० | ० | ६२४ | ३१० | ११७ | ० | १२ | ९३७ |
| ८ | १ | १ | ७७८ | २ | ११८१ | ६ | ४ | ११९१ |
| ९ | ८४ | ११ | ६३९ | २९७ | ७०३ | ७ | ३२ | १०३१ |
| १० | ३ | १२ | १३०० | ७७५ | ७१८ | २१ | ७४ | १५९५ |
| जम्मा | ३५६ | ४४० | ८९८२ | ३९०८ | ७४२८ | २५३ | २५५ | १२७६८ |

*स्रोत: iLG Profile घरधुरी तथ्यांक २०८०*

### ७.१.६ ढलको व्यवस्था

राजापुर नगरपालिका ढल व्यवस्थापनमा अलि पछाडी परेको देखिन्छ । ६४.३ प्रतिशत घरधुरीको लागि ढलको व्यवस्था छैन भने कच्ची ढल जम्मा ३१.७ प्रतिशत रहेको छ । पक्की स्लाबले ढाकेको ढल १.९ प्रतिशत मात्र रहेको देखिन्छ । वडा नम्बर ३ मा एकदमै थोरै घरधुरीले मात्र ढल नभएको कुरा बताए भने वडा नम्बर १०, ६, ५ र १ का धेरै घरधुरीले ढल नभएको कुरा बताएका छन् । समग्र राजापुर नगरपालिकामा पक्की तथा स्लाबले ढाकेको ढल भइको घरधुरी जम्मा २ प्रतिशत मात्र छन जुन कुल घरधुरीको २५२ घरधुरी हुन आँउछ । वडागत रुपमा वडा नम्बर ४ मा पक्की ढल भएको घरधुरी २०२ छ भने जुन वडा नम्बर १, २ र ७ मा शून्य बराबर नै रहेको छ ।

*तालिका ७४ : ढलको व्यवस्था*

| वडा नं. | सतह ढलको व्यवस्था | | | | | |
|---|---|---|---|---|---|---|
| | ढल छैन | कच्चि | पक्कि (स्लाबले ढाकेको) | पक्कि (खुल्ला/स्लावले नढाकेको) | उल्लेख नभएको | जम्मा |
| १ | १३२४ | १ | ० | २ | ३० | १३५७ |
| २ | ९१५ | ३१७ | ० | ० | ६४ | १२९६ |
| ३ | ८ | १३४३ | ५ | १५ | ४ | १३७५ |
| ४ | १०३१ | ५४३ | २०२ | २७ | ७२ | १८७५ |
| ५ | १२७२ | १५८ | १७ | १ | ४ | १४५२ |
| ६ | १३१२ | ८७ | ९ | ३ | ० | १४११ |
| ७ | ७३५ | २०२ | ० | ० | ३ | ९४० |
| ८ | १९३ | ९९४ | १ | ९ | ७ | १२०४ |
| ९ | ३७१ | ६५२ | १५ | ० | ३४ | १०७२ |
| १० | १५७० | ४ | ३ | २७ | १ | १६०५ |
| जम्मा | ८७३१ | ४३०१ | २५२ | ८४ | २१९ | १३५८७ |
| प्रतिशत | ६४.३ | ३१.७ | १.९ | ०.६ | १.६ | १००.० |

*स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०*

### ७.१.७ ढल नहुदा व्यवस्थापन

ढल छैन भन्ने ८७३१ जना मध्ये ८५२१ घरधुरीका घरधनीहरुले आफ्नो घरको ढलको व्यवस्थापन बारे बताउनु भएको थियो । करिव ६२.२ प्रतिशतले घरकै करेसाबारीमा व्यवस्थापन गर्छन भने ५२.० प्रतिशतले घर कम्पाउन्ड भित्रै खनेको खाल्डोमा व्यवस्थापन गर्ने गरेका छन । नदि वा खोल्सा तथा सडकमा फाल्नेहरु ७ प्रतिशत जति छन । सडकमा फाल्ने घरधुरीको २.१ प्रतिशत रहेको छ ।




*चित्र ११ ढल नहुदा गरिने फोहोरको व्यवस्थापन*

वडा नम्बर ४ मा धेरै जनाले सडकमा फाल्ने गरेको देखियो भने वडा ९, १ र ६ का धेरै जनाले नदी वा खोल्सामा व्यवस्थापन गर्ने गरेका छन । वडा नम्बर ३ मा आफ्नै घर कम्पाउन्ड भित्र खनेको खाल्डोमा व्यवस्थापन गर्ने घरधुरी एउटा मात्र रहेको छ ।यसको कारण त्यो वडामा ढल नै नभएको घरधुरी एकदमै थोरै मात्र रहेको छ ।

*तालिका ७५ :ढल नहुदा व्यवस्थापन*

| **वडा नं.** | **ढल नहुदा गरिने फोहोरको व्यवस्थापन** | | | | | |
|---|---|---|---|---|---|---|
| | **नदी वा खोल्सामा** | **सडकमा** | **आफ्नै घर कम्पाउण्ड भित्र खनेको खाल्डोमा** | **करेसाबारीमा** | **अन्य** | **जम्मा** |
| १ | १८० | २१ | ३८६ | ९५६ | ४ | १३२० |
| २ | १ | ५ | ५६९ | ६२९ | २४० | ८१८ |
| ३ | ३ | ० | १ | ४ | ० | ८ |
| ४ | ९८ | ११६ | २४९ | ७५२ | १५ | ९६० |
| ५ | २४ | ५ | ९५० | ६४२ | ७ | १२६० |
| ६ | १०४ | ३१ | ९४३ | ४८९ | २ | १३०६ |
| ७ | २ | १ | ४१३ | ३२० | ९९ | ७३४ |
| ८ | ४ | ० | ३९ | १६१ | १ | १९३ |
| ९ | १८२ | ३ | ५३ | १७० | ० | ३५९ |
| १० | २ | १ | ८२४ | ११७३ | २९२ | १५६३ |
| जम्मा | ६०० | १८३ | ४४२७ | ५२९६ | ६६० | ८५२१ |

*स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०*

### ७.१.८ सडक पूर्वाधार

कुनै पनि क्षेत्रको आर्थिक सामाजिक विकासलाई गतिशिल बनाउन सार्वजनिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन, कृषि तथा गैह्र कृषि क्षेत्रको विकास गर्न सडक  यातयात एउटा महत्वपूर्ण पूर्वाधारको रुपमा रहेको हुन्छ ।

सडक सञ्जाल तथा यातायात आर्थिक विकास, सार्वजनिक सेवा प्रवाह र सामाजिक एकीकरणको माध्यम हो । विकासको आधारभूत पूर्वाधारको रूपमा रहेका यातायातका साधनहरूको माध्यमबाट क्षेत्रीय असमानता कम गर्न, आर्थिक क्रियाकलापलाई गतिशीतला प्रदान गर्न र अन्य क्षेत्रको विकास तथा सेवा प्रवाहलाई सहज बनाउन सकिन्छ । हालसम्म नेपालमा सडकलाई यातायातको मुख्य माध्यमको रूपमा लिइदै आएको भए तापनि, हवाईमार्ग, रेलमार्ग, जलमार्ग, रज्जुमार्गजस्ता अन्य माध्यमहरूको विकासबाट पनि पर्याप्त फाइदा लिन सकिने सम्भावना रहेको छ । कुनै पनि क्षेत्रको आर्थिक सामाजिक विकासकालाई गतिशिल बनाउन सार्वजनिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन कृषि तथा गैर कृषि क्षेत्रको विकास गर्न सडक तथा यातायात सेवा एउटा महत्वपूर्ण पूर्वाधारको रुपमा रहेको हुन्छ ।

### ७.१.९ यातायात सेवा

नगरमा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। नगरमा रिक्सा, टेक्टर, गाडा, साइकल, ट्याक्सी, मोटरसाइकलहरूको समेत उपयोग गरिएको देखिन्छ। नगरका सडकमार्ग राम्रो भएका रुटहरूमा बस सेवा चालु रहेको छ। यसका अतिरिक्त यस नगरपालिकाबाट देशका विभिन्न भागहरूमा समेत दिवा तथा रात्री बस सञ्चालनमा रहेको छ। सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी सधान पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, पैदलयात्रीले सडक पार गर्ने जेब्रा क्रसिङ, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नु पर्ने देखिन्छ।


राजापुर नगरपालिका
सडक विवरण
संकेत
धार्मिक स्थल
चर्च
वडा कार्यालय
विद्यालय
स्वास्थ्य चौकी
गाउँपालिका/ नगरपालिका सिमाना
वडा सिमाना
नदी सञ्जाल
राष्ट्रिय राजमार्ग
सडक सञ्जाल
जंगल
बालुवा
नदी क्षेत्र
Rajapur-Daulatpur-Sati
Ratuwa River-Rangeli (Postal)
Junga - Rajapur - Bhimapur (IB)
१:६०,०००

### ७.१.१० टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस नगरका १० ओटै वडाहरुमा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएको देखिन्छ । ग्रामिण क्षेत्रहरुमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुर्याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुर्याउनु पर्ने देखिन्छ ।

### ७.१.११ दैनिक बत्ति बाल्न प्रयोग गरिने इन्धनको आधारमा घरधुरीको वितरण

राजापुर नगरपालिका सुगम बस्ती हुनुको साथै सबै वडाहरुमा बिद्युत पुगेको अवस्था भएकोले करिव ९७ प्रतिशत घरधुरीको बत्ती बाल्ने प्रमुख स्रोत बिजुली नै रहेको छ । त्यो बाहेक छिटफुट रुपमा केहि घरधुरीले सोलार, मट्टितेल, बायोग्यास पनि प्रयोग गर्ने गरेका छन । वडा नम्बर ४ मा सबैभन्दा धेरै मट्टितेल प्रयोग गर्ने देखियो भने वडा नम्बर १० मा १२७ घरले सोलार प्रयोग गर्ने गरका छन् ।

*तालिका ७६ बत्तीको प्रमुख स्रोत*

| वडा नं. | बत्तीको मुख्य स्रोत | | | | | |
|---|---|---|---|---|---|---|
| | विद्युत/बिजुली | मट्टीतेल | सोलार | बायोग्यॉस/गोबरग्यॉस | अन्य | जम्मा |
| १ | १३४३ | २ | २ | ० | १० | १३५७ |
| २ | १२७६ | ७ | ५ | १ | ७ | १२९६ |
| ३ | १३६४ | ३ | ५ | ० | ३ | १३७५ |
| ४ | १७१० | १२९ | २ | १ | ३३ | १८७५ |
| ५ | १४४१ | ३ | २ | १ | ५ | १४५२ |
| ६ | १३९६ | ५ | ६ | ० | ४ | १४११ |
| ७ | ९१९ | १५ | ४ | १ | १ | ९४० |
| ८ | ११९० | ४ | १ | ७ | २ | १२०४ |
| ९ | १०३३ | ८ | ८ | १ | २२ | १०७२ |
| १० | १४५६ | ५ | १२७ | २ | १५ | १६०५ |
| जम्मा | १३१२८ | १८१ | १६२ | १४ | १०२ | १३५८७ |
| प्रतिशत | ९६.६ | १.३ | १.२ | ०.१ | ०.८ | १००.० |

*स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०*

### ७.१.१२ परिवारले खाना पकाउन प्रयोग गर्ने इन्धनको आधारमा घरधुरीको वितरण

राजापुर नगरपालिकामा अझै पनि खाना पकाउने मुख्य इन्धनको रुपमा करिब दुई घरमा दाउराको प्रयोग गरिरहेका छन् । तथापी, हालैको दिनमा एलपिजी  ग्यास प्रयोग गर्ने संख्या पनि तीव्र रुपमा बढीरहेको छ ।  दाउराको प्रयोगले विशेषगरी भान्सामा काम गर्ने महिला तथा पुरुषलाई धुवाले असर पुर्याइरहेको छ । तसर्थ बिपन्न वर्गलाई नगरपालिकाले सहयोग गरेर भए पनि दाउरा प्रयोगको बिकल्प दिनु पर्ने देखिन्छ । खाना पकाउनको लागि बिजुलीको प्रयोग गर्ने घरधुरी जम्मा ३३ घर मात्र रहेको छ । यसको मुख्य कारण बिजुली महंगो, भरपर्दो सेवा नहुनु र सुरुवाती खर्च धेरै लाग्ने भएकोले अधिकांश घरमा बिजुली पुगेको भएतापनि बिजुलीलाई खाना पकाउने प्राथमिक इन्धनको रुपमा प्रयोग गरिएको देखिदैन ।

*तालिका ७७  खाना पकाउन प्रयोग गर्ने मुख्य इन्धन*

| वडा नं. | खाना पकाउन प्रयोग गर्ने मुख्य इन्धन | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | काठ/दाउरा | एल पि ग्यास | वायोग्यास | गुइठा/गोरहा | विद्युत | अन्य | जम्मा |
| १ | १०५७ | १९२ | ९६ | ३ | १ | ८ | १३५७ |
| २ | ९११ | २८७ | ८६ | ९ | २ | १ | १२९६ |
| ३ | ९१८ | ३९६ | ५२ | ४ | ४ | १ | १३७५ |
| ४ | १२९५ | ४५७ | ८४ | ४ | २ | ३३ | १८७५ |
| ५ | ७१४ | ४५४ | २४९ | २२ | १२ | १ | १४५२ |
| ६ | ७१९ | ४६८ | २१५ | १ | ८ | ० | १४११ |
| ७ | ६९० | २१० | ३८ | २ | ० | ० | ९४० |
| ८ | ७४३ | २८७ | १६९ | ४ | १ | ० | १२०४ |
| ९ | ९१४ | १२ | १२८ | ० | १ | १७ | १०७२ |
| १० | १०६९ | २२८ | २९८ | ६ | २ | २ | १६०५ |
| जम्मा | ९०३० | २९९१ | १४१५ | ५५ | ३३ | ६३ | १३५८७ |
| प्रतिशत | ६६.५ | २२.० | १०.४ | ०.४ | ०.२ | ०.५ | १००.० |

*स्रोतः iLG Profile घरधुरी  तथ्यांक २०८०*

### ७.१.१३ परिवारले खाना पकाउन प्रयोग गर्ने चुल्होको प्रकार

करिव ६०.४ प्रतिशत घरधुरीले माटो चुल्हो वा अगेनोको प्रयोग गरेका छन जुन दाउरा बाट चल्ने गर्दछ । त्यस्तै ग्यास चूल्हो प्रयोग गर्ने घरधुरी ३१.४ प्रतिशत रहेको छन भने सुधारिएको चुल्हो प्रयोग गर्ने घरधुरी ६.४ प्रतिशत रहेका छन् । ईन्डकस्न चुल्हो प्रयोग गर्ने घरधुरी संख्या ३४ रहेको छ।

*तालिका ७८ : परिवारले खाना पकाउन प्रयोग गर्ने चुल्होको प्रकार*

| वडा नं. | घरमा प्रयोग गरिने चुल्होको प्रकार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अगेना वा माटोको चल्हो | ग्यास चुल्हो | सुधारिको धुँवारहित चुल्हो | स्टोभ | विद्युतीय चुल्हो (इन्डक्सन) | भुसे चुल्हो | अन्य | जम्मा |
| १ | ६८६ | ३०४ | ३५७ | ० | १ | ३ | ६ | १३५७ |
| २ | ७९९ | ३८४ | १०८ | ० | ३ | ० | २ | १२९६ |
| ३ | ९०१ | ३६६ | १५ | ८२ | ६ | ३ | २ | १३७५ |
| ४ | १२८९ | ५३७ | २ | ० | ३ | १ | ४३ | १८७५ |
| ५ | ६२२ | ७२० | ९४ | ३ | ९ | १ | ३ | १४५२ |
| ६ | ७२३ | ६७८ | २ | १ | ७ | ० | ० | १४११ |
| ७ | ६२७ | २४५ | ५७ | १ | ० | ४ | ६ | ९४० |
| ८ | ६०४ | ३६८ | २३२ | ० | ० | ० | ० | १२०४ |
| ९ | ९०० | १४५ | ३ | १ | ३ | ० | २० | १०७२ |
| १० | १०५९ | ५२० | ० | ६ | २ | २ | १६ | १६०५ |
| जम्मा | ८२१० | ४२६७ | ८७० | ९४ | ३४ | १४ | ९८ | १३५८७ |
| प्रतिशत | ६०.४ | ३१.४ | ६.४ | ०.७ | ०.३ | ०.१ | ०.७ | १००.० |

*स्रोत: iLG Profile घरधुरी तथ्यांक २०८०*

## ७.१.१३ भान्सामा वायु संचार प्रणाली

राजापुरका घरधुरीमा भएका भान्सामा वायु संचार प्रणाली ५९ प्रतिशतको घरमा रहेको पाइयो । भान्साबाट कुनै न कुनै रुपमा धुवा निकास हुने र बाहिरबाट हावा भित्र प्रवेश गर्न सक्ने भान्सालाई वायु संचार प्रणाली भएको भान्सा भनिन्छ ।

*तालिका ७९ : भान्सामा वायु संचार प्रणाली*

| वडा नं. | भान्सामा वायु संचार प्रणाली | | | |
|---|---|---|---|---|
| | उत्तर नआएको | छ | छैन | जम्मा |
| १ | ५ | १०४५ | ३०७ | १३५७ |
| २ | ४ | ११९५ | ९७ | १२९६ |
| ३ | ० | १०५१ | ३२४ | १३७५ |
| ४ | ३१२ | ३२६ | १२३७ | १८७५ |
| ५ | ३ | ६९५ | ७५४ | १४५२ |
| ६ | १ | ९२९ | ४८१ | १४११ |
| ७ | १ | ४०५ | ५३४ | ९४० |
| ८ | ० | १००६ | १९८ | १२०४ |
| ९ | ४९ | ५७३ | ४५० | १०७२ |
| १० | १४ | ७९७ | ७९४ | १६०५ |
| जम्मा | ३८९ | ८०२२ | ५१७६ | १३५८७ |
| प्रतिशत | २.९ | ५९.० | ३८.१ | १००.० |

*स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०*

### ७.१.१४ घरायसी सामानको उपभोग

राजापुर नगरपालिकाका नागरिकहरुले आफ्नो घरमा के के सरसामानहरुको उपभोग गरिरहेका छन र तिनीहरु सँग उनिहरुको पहुँच छ कि छैन भन्ने प्रश्नमा अधिकांश (९०.६ प्रतिशत)का घरमा बिद्युतिय पंखा रहेको पाइयो। लगभग सबैको घरमा बिजुलीको पहुँच पुगेको र राजापुर आफैमा अत्याधिक गर्मी हुने स्थान भएको हुनाले पंखा सबैको लागि आवश्यकता पनि रहेको छ । साथै, ८६.५ प्रतिशतको घरमा साधारण र ७७.७७ प्रतिशतको घरमा स्मार्ट मोवाइल फोन रहेको छ । पानी छान्ने फिल्टर १७ प्रतिशत घरमा र सवारी साधनको रुपमा स्कुटर मोटरसाइकल करिव १२.४ प्रतिशत घरमा रहेको छ । ११ प्रतिशत घरमा इन्टरनेटको सुविधा रहेको छ ।

*तालिका ८० घरायसी सामानको उपभोग*

| निम्न कुन कुन सुविधाहरु परिवारले उपभोग गरेको छ ? | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| विद्युतीय पंखा | ११७६० | ९०.६% |
| साधारण मोबाईल फोन | ११२२३ | ८६.५% |
| स्मार्ट फोन | १००८८ | ७७.७% |
| टेलिभिजन | ३७१८ | २८.६% |
| वाटर फिल्टर | २२०८ | १७.०% |
| मोटरसाइकल/स्कुटर | १६०८ | १२.४% |
| इन्टरनेट | १४५३ | ११.२% |
| रेफ्रिजरेटर | ८०३ | ६.२% |
| ट्याक्टर | ६९४ | ५.३% |
| रेडियो | ५८४ | ४.५% |
| ल्यापटप | ४८२ | ३.७% |
| कम्प्यूटर | २४४ | १.९% |
| अन्य सवारी/ढुवानीको साधन(ट्रक, बस, मिनी वस, आदि) | १९८ | १.५% |
| टेलिफोन (ल्याण्डलाईन) | १०६ | ०.८% |
| ट्याबलेट | ९९ | ०.८% |
| मोटर/कार | ६१ | ०.५% |
| वासिङ्ग मेशिन | ५७ | ०.४% |
| एयर कण्डिसनर | २४ | ०.२% |
| जम्मा | १२९७८ | ३४९.९% |

*स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०*

ल्यापटप, कम्युटर, ट्यावलेट जस्ता प्रविधि उपकरणहरु थोरै घरधुरी सँग मात्र रहेको छ । मोटर कार जस्ता सवारी, लुगा धुने मेसिन, एअर कन्डिसनर पनि अत्यन्तै कम घरमा रहेको छ ।

वडागत रुपमा पनि सबै वडाहरुमा बिद्युतिय पंखा तथा साधारण मोवाइल फोन रहेको छ ।

*तालिका ८१ परिवारले उपभोग गरेको सुविधाहरु वडागत रुपमा*

| परिवारले उपभोग गरेको सुविधाहरु | वडा नं. | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | जम्मा |
| विद्युतीय पंखा | १२४६ | १२१७ | १३२८ | १३३२ | १०८३ | १३३५ | ८०३ | ११३७ | ९७३ | १३०६ | ११७६० |
| साधारण मोबाईल फोन | १०९१ | १०९५ | १२५५ | १२६३ | १३६६ | १२५१ | ६८९ | ९८५ | ८७६ | १३५२ | ११२२३ |
| स्मार्ट फोन | १११३ | ११०२ | १०४७ | ११५६ | ९४३ | ९६३ | ७३६ | १००१ | ८८२ | ११४५ | १००८८ |
| टेलिभिजन | ४३२ | ३४४ | ४५६ | ५५२ | २९३ | ४२८ | ३१३ | ३४८ | २६७ | २८५ | ३७१८ |
| वाटर फिल्टर | ७०३ | ३४८ | २६७ | २०५ | २८१ | १३८ | ७७ | ५५ | ४६ | ८८ | २२०८ |
| मोटरसाइकल/स्कुटर | १५७ | २०१ | १८१ | २२२ | १५२ | १९७ | ७७ | १०२ | १५२ | १६७ | १६०८ |
| इन्टरनेट | २१४ | ९२ | १९० | २५९ | ४५ | १२९ | १३९ | १८० | ९१ | ११४ | १४५३ |
| रेफ्रिजरेटर | ७८ | ७५ | ५१ | २६४ | २३ | ११० | ४३ | ७४ | १ | ८४ | ८०३ |
| ट्याक्टर | २५ | ६६ | ८३ | २८ | ८५ | १३१ | २९ | ५७ | १४३ | ४७ | ६९४ |
| रेडियो | ६५ | ४४ | ३७ | ५४ | ५३ | ४६ | ९५ | ३९ | २१ | १३० | ५८४ |
| ल्यापटप | ४६ | ७४ | ६७ | ५४ | ३७ | ८४ | १८ | ४८ | २७ | २७ | ४८२ |
| कम्प्यूटर | ३७ | २३ | ३८ | ३९ | १५ | २५ | १० | ३१ | ९ | १७ | २४४ |
| अन्य सवारी/ढुवानीको साधन(ट्रक, बस, मिनी वस, आदि) | १९ | १२ | २९ | ११ | २१ | ३९ | २६ | २१ | ११ | ९ | १९८ |
| टेलिफोन (ल्याण्डलाईन) | १५ | ४ | ११ | २४ | १२ | ६ | २ | ४ | १३ | १५ | १०६ |
| ट्याबलेट | १२ | ४ | १२ | १२ | १ | ३० | १३ | ५ | १० | ० | ९९ |
| मोटर/कार | ० | २ | १२ | २५ | ३ | ७ | २ | ४ | २ | ४ | ६१ |
| वासिङ्ग मेशिन | १ | ० | ४ | ४३ | १ | २ | १ | १ | ० | ४ | ५७ |
| एयर कण्डिसनर | ४ | ० | १ | ११ | २ | १ | १ | २ | ० | २ | २४ |
| जम्मा | १३०५ | १२७५ | १३६५ | १५५३ | १४२६ | १३९६ | ९२५ | ११८१ | १०२७ | १५२५ | १२९७८ |

*स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०*

## ७.२ बिपदका जोखिम

राजापुर नगरपालिका कर्णाली र गेरुवा नदीको बीचमा अवस्थित स्थान भएको र तीव्र रुपमा शहरीकरण हुदै गरेको नगरपालिका भएकोले यस ठाँउ विभिन्न बिपदजन्य जोखिम भएको स्थान पनि हो ।

### ७.२.१. संभावित बिपद् जोखिम

कुल घरधुरी मध्य ११६०८ घरधुरीले आफूलाई पर्न सक्ने संभावित जोखिमको बारेमा बताएका थिए । दुई तिहाई जतिले हावाहुरीलाई सबैभन्दा ठुलो जोखिम भनेर बताएका थिए भने ६० प्रतिशतले बाढी, ३५.१ प्रतिशतले आगजनी, २१.७ प्रतिशतले चटयाङ्ग र १२.४ प्रतिशतले नदि कटानलाई जोखिमको रुपमा लिएका छन् ।

| सम्भावित बिपद जोखीम | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| हावाहुरी | ७७०० | ६६.३% |
| बाढी | ६९९९ | ६०.३% |
| आगजनी | ४०७६ | ३५.१% |
| चटयाङ्ग | २५१७ | २१.७% |
| नदी कटान | १४४५ | १२.४% |
| शीत लहर | ११८३ | १०.२% |
| अन्य | १०८२ | ९.३% |
| खडेरी | १०६२ | ९.१% |
| असिना | १००७ | ८.७% |
| महामारी | ९५७ | ८.२% |
| प्रकोपको खतरा छैन | ४०३ | ३.५% |
| भुकम्प | ३४९ | ३.०% |
| जम्मा | ११६०८ | २५०.९% |

*स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०*

### ७.२.२ वडागत रुपमा संभावित बिपद् जोखिम

नदि कटानको जोखिम सबैभन्दा धेरै वडा नम्बर १, ७ , ९ र १० मा रहेको छ भने वडा नम्बर २ मा नदि कटानको जोखिम छैन । बाढिको जोखिम सबै वडाहरुमा रहेता पनि वडा नम्बर २ र ५ मा कम मात्रामा रहेको देखिन्छ ।

| बिपद्को संभावित प्रकोप | वडा नं. | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | जम्मा |
| बाढी | ९४० | ३६४ | ११५८ | १०३४ | ३११ | ३२२ | ७०२ | ११०९ | ५२४ | ५३५ | ६९९९ |
| पहिरो | १० | २ | ० | १५६ | ३ | २२ | ६ | १११ | ० | ३० | ३४० |
| आगजनी | ८५० | ७६३ | ३३० | १८५ | ४९७ | ३८४ | २१८ | २०५ | ११ | ६३३ | ४०७६ |
| महामारी | ३५ | ९ | १३ | १८३ | ७५ | २९४ | ६ | २२८ | १८ | ९६ | ९५७ |
| हावाहुरी | १११७ | ८८७ | ६९० | २०२ | ७८६ | ९८२ | ५१७ | ५८० | ५३० | १४०९ | ७७०० |
| चट्याङ्ग | ६०१ | ७७३ | ३२३ | १४६ | १५० | २९८ | १८६ | १ | १२ | २७ | २५१७ |
| नदी कटान | २९७ | २ | ९८ | १५८ | ४७ | १०८ | २५१ | ० | २७२ | २१२ | १४४५ |
| खडेरी | ३०८ | १ | ७ | १७५ | ४१० | ४ | ७५ | १ | ९ | ७२ | १०६२ |
| शीत लहर | ३१० | ० | ९९ | ११७ | ५४० | १२ | ७ | २७ | १० | ६१ | ११८३ |
| भुकम्प | २ | ० | ३० | १६७ | ७९ | ६९ | ० | १ | १ | ० | ३४९ |
| असिना | १ | ० | ३६९ | ७५ | ४१३ | १ | ५ | ५ | २ | १३६ | १००७ |
| अन्य | १२७ | ४ | ५ | ५ | २७० | ५ | २४५ | ० | ४ | ४१७ | १०८२ |
| प्रकोपको खतरा छैन | ० | ० | १५ | ७४ | १२ | २९५ | ० | ० | ३ | ४ | ४०३ |
| जम्मा | १३३० | १००१ | १२४० | १११७ | ११७२ | १३७१ | ९०२ | ११३९ | ७५० | १५८६ | ११६०८ |

*स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०*

### ७.२.३ विपद् बाट पिडित

विगत १२ महिना भित्र नगरपालिका भित्र यो बिपद् बाट पिडित भएको परिवारको संख्या यस तालिकामा दिइएको छ । वडा नम्बर ४, ५, र ६ का घरधुरीहरु कम मात्रामा पिडित भएका छन भने वडा १ का ५१% प्रतिशत घरधुरी बिपद्हरुबाट पिडित भएका छन् । समग्रमा राजापुर नगरपालिका भित्रका कुल घरको २५.७ प्रतिशत घरधुरी कुनै न कुनै बिपद्का घटनाहरुबाट पिडित भएका छन् ।

*तालिका ८२ वितेको एक वर्षभित्र कुनै प्रकोपबाट तपाइँको परिवार पिडीत भयो ?*

| वडा नं. | विगत १ वर्षमा बिपद्बाट पिडित परिवार संख्या | |
|---|---|---|
| | संख्या (घरधुरी) | प्रतिशत |
| १ | ६९८ | ५१.४ |
| २ | ३०७ | २३.७ |
| ३ | ६५३ | ४७.५ |
| ४ | १८६ | ९.९ |
| ५ | ९४ | ६.५ |
| ६ | १०५ | ७.४ |
| ७ | ४२१ | ४४.८ |
| ८ | ५५१ | ४५.८ |
| ९ | १९३ | १८.० |
| १० | २८१ | १७.५ |
| जम्मा | ३४८९ | २५.७ |

*स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०*

## खण्ड ८ : सहभागिता र  समावेशीकरण

### ८.१ संघ संस्थामा आवद्धता

राजापुर नगरपालिका कुल घरधुरी मध्यबाट करिव ६५ प्रतिशत घरधुरीका कुनै न कुनै एक जना महिला सदस्य कुनै संघ संस्थामा आवद्ध भएको देखिन्छ । यसरी दुइ तिहाई घरधुरीका महिला सदस्यहरुको समुदायमा सहभागिता रहेको देखिन्छ ।




*चित्र १२ परिवारमा महिला सदस्य कुनै सङ्घ/संस्थामा संलग्न*

### ८.१.१ संघ संस्थामा संलग्नता

राजापुर नगरपालिका ८६३७ घरधुरीका महिला सदस्य कुनै न कुनै संघ तथा संस्थामा आवद्ध भएका छन । ति ८६३७ मध्य सबैभन्दा धेरै करिव ७४ प्रतिशत सहकारीमा आवद्ध छन २६ प्रतिशत कृषि समूह, १५ प्रतिशत आमा समूहमा आवद्ध छन् । तर विद्यालय व्यवस्थापन समिती, टोल विकास संस्था, खानेपानी उपभोक्ता समूहमा अत्यन्तै न्यून मात्र सहभागिता रहेको छ ।




*चित्र १३ : संघ संस्थामा संलग्नता प्रतिशत*

राजापुरका कुल घरधुरी मध्ये ८,३१४ घरधुरीका कम्तीमा कुनै एक सदस्य राजापुर नगरपालिका भित्रका कम्तीमा कुनै एक संघ संस्थामा आबद्ध भएका छन् । सबैभन्दा धेरै सहकारीमा ७३.९ प्रतिशत, कृषि समूहमा २६.४ प्रतिशत र धेरै जना यि लिष्टमा भएका बाहेक अन्य संस्थामा पनि आवद्ध भएका छन।

*तालिका ८३ : संघ संस्थामा आवद्धता*

| वडा नं. | संघ संस्थामा संलग्नता | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | टोल विकास संस्था | कृषि समूह | युवा समूह/क्लब उपभोक्ता समिति | स्कुल व्यवस्थापन समिति | खानेपानी उपभोक्ता समूह | बन उपभोक्ता समूह | आमा समूह तथा | सहकारी | अन्य | जम्मा |
| १ | २९ | ४७५ | २३ | १६ | ६ | ३२० | २१४ | १००१ | २७२ | १११३ |
| २ | २ | २४९ | ४ | १४ | ० | २५ | ९७ | ७२८ | ३२३ | ८४९ |
| ३ | १२ | २८० | ११ | ९ | ० | २२७ | ३०५ | ५९३ | ४१८ | ९३९ |
| ४ | ५६ | ८५ | २ | ० | ० | २ | २५४ | ५८२ | २१५ | ६६९ |
| ५ | ४० | २२४ | २ | २ | २ | २ | ५२ | ७०५ | ४४२ | ८४१ |
| ६ | ८६ | ३२६ | १४ | १७ | १ | २ | १८६ | ६७६ | २१९ | ८९२ |
| ७ | १३ | ९१ | १ | २६ | ० | २४९ | ४१ | ४१० | २८७ | ७१३ |
| ८ | ५ | ९१ | ६ | २ | ० | ३५ | ५७ | ४८२ | ३२६ | ६५७ |
| ९ | १७ | २३७ | ४ | १० | १ | ४ | ३१ | ३०५ | ४७३ | ७८८ |
| १० | ४१ | १८२ | १४ | २ | ३ | १४५ | ४६ | ९१२ | ६१८ | ११७६ |
| जम्मा | ३०१ | २२४० | ८१ | ९८ | १३ | १०११ | १२८३ | ६३९४ | ३५९३ | ८६३७ |

*स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०*

## ८.१.२ घरायसी कामको निर्णय

घर व्यवहार सम्बन्धी निर्णय ७६.० प्रतिशत घरमा सामूहिक रुपमा हुन्छ भने १५.१ प्रतिशत घरमा पुरुष सदस्यबाट गर्दछन। वडा नम्बर ५ ,२ र ७ मा धेरै घरमा पुरुष सदस्यले निर्णय गर्दछन भने वडा १ र ३ मा यो प्रचलन एकदम कम मात्र छ ।

*तालिका ८४ : घरायसी कामको निर्णय*

| वडा नं. | घर व्यवहार सम्बन्धी विषयमा निर्णय | | | | |
|---|---|---|---|---|---|
| | **उत्तर नदिएको** | **पुरुष सदस्य** | **महिला सदस्य** | **सामूहिक** | **जम्मा** |
| १ | २३ | १३ | २६ | १२९५ | १३५७ |
| २ | १७ | ४९२ | १२० | ६६७ | १२९६ |
| ३ | १ | ९ | २५ | १३४० | १३७५ |
| ४ | ७० | २४३ | २९५ | १२६७ | १८७५ |
| ५ | ० | ६२९ | १२९ | ६९४ | १४५२ |
| ६ | १ | १३६ | ५९ | १२१५ | १४११ |
| ७ | २ | ३१९ | २१६ | ४०३ | ९४० |
| ८ | ३ | ५७ | ६७ | १०७७ | १२०४ |
| ९ | २१ | ७४ | ४२ | ९३५ | १०७२ |
| १० | ११ | ७९ | ७८ | १४३७ | १६०५ |
| **जम्मा** | १४९ | २०५१ | १०५७ | १०३३० | १३५८७ |
| **प्रतिशत** | १.१ | १५.१ | ७.८ | ७६.० | १००.० |

*स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०*

## ८.१.३ घरायासी काममा संलग्न

घरायसी कामको निर्णय गर्दा एकदम थोरै महिलाहरुको सहभागिता हुने गर्दछ भने घरायसी काममा चाहि ४१.२ प्रतिशत महिलाहरुको मात्र सहभागी हुने गरेको छ । तर पनि ५४ प्रतिशत घरमा घरायसी काम सामूहिक रुपमा गर्ने चलन रहेको छ । घरायसी काममा पुरुषको मात्र सहभागिता एकदम न्युन मात्र रहेको छ।

*तालिका ८५ :घरायसी काममा संलग्न*

| वडा नं. | घरायसी काममा संलग्न | | | | |
|---|---|---|---|---|---|
| | उत्तर नदिएको | पुरुष सदस्य | महिला सदस्य | सामूहिक | जम्मा |
| १ | २२ | १३ | ३८७ | ९३५ | १३५७ |
| २ | १८ | ३२ | ७२१ | ५२५ | १२९६ |
| ३ | ६ | १२ | ४१७ | ९४० | १३७५ |
| ४ | ६१ | ७२ | ५१७ | १२२५ | १८७५ |
| ५ | ० | ७९ | १०९९ | २७४ | १४५२ |
| ६ | ३ | १७ | २९६ | १०९५ | १४११ |
| ७ | ३ | २० | ५२५ | ३९२ | ९४० |
| ८ | १५ | २० | ६७८ | ४९१ | १२०४ |
| ९ | १८ | १९८ | १६९ | ६८७ | १०७२ |
| १० | १८ | १९ | ७९४ | ७७४ | १६०५ |
| जम्मा | १६४ | ४८२ | ५६०३ | ७३३८ | १३५८७ |
| प्रतिशत | १.२ | ३.५ | ४१.२ | ५४.० | १००.० |

*स्रोतः iLG Profile घरधुरी तथ्यांक २०८०*

# खण्ड ९ : वन तथा वातावरण

## ९.१ प्राकृतिक वन तथा वनस्पती

लुम्बिनी प्रदेशको तराईको जिल्ला बर्दिया  वन वातावरण र जैविक विविधताको दृष्टिकोणले  सम्पन्न जिल्लाको श्रेणीमा पर्दछ । बर्दिया  जिल्लाको यस राजापुर नगरपालिकामा कुल क्षेत्रफल १२७.०८ वर्ग कि.मि. मध्ये ४.७४ प्रतिशत वन क्षेत्रको रुपमा रहि आएको छ । जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रुपमा रहेको छ ।



यस नगरमा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, साल, खयर, सिसौं, सिमल, जामुन, कदम, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशीअमला, कैंदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो—बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, सतिसाल, हल्लुडे, वनसुन्तला, कुम्भी, नेवारो, अशोक, सपेटा । यसै गरी घिस्रने जन्तुहरूमा गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिंगर, भित्ती, सर्प,

गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कयाङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरु पाइन्छन् ।

## ९.२ जैविक विविधता सम्बन्धी विवरण

राजापुर नगरपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलित रुपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बीचको स्थापित सम्बन्धलाई दिगो रुपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ । दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्युनीकरण गर्न नितान्त आवश्यक छ । वातावारणीय सन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्छ । विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस नगरमा वन संरक्षण र संवर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ । यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावारको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ । दैनिक जीवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस नगरमा सामुदायिक वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ । यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागेको आधारमा आपूर्ति गर्न नसक्ने वन पैदावारको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ । हाल सामुदायिक वनहरू वन संरक्षण, संवर्द्धन तथा सदुपयोगमा सहभागि भइरहेका छन् ।

यस नगरमा उष्ण प्रदेशीय जलवायु भएको कारण यस क्षेत्रमा साल, सिसौं, हल्लुडे, अमला, हर्रो, बर्रो, खयर, सिमल, विजयसाल, राजवृक्ष, आदि जातका विरुवाहरू पाइन्छन् । जसमध्ये काँसीअमला, हर्रो, बर्रो, बोहरी, फडिर, खमारी, असारे, साज, सादन, कुम्भी, कुसुम आदि क्रमशः लोप हुदै जाने अवस्थामा रहेका छन् । गैर काष्ठ पैदावरको रुपमा व्यापारिक र आयुर्वेदिक महत्वका दृष्टिकोणले उपयुक्त देखिएका पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते,

चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम÷संजीवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेझार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि जस्ता वन पैदावरहरूको उपलब्धता पनि रहेको छ । यी मध्ये हाडजोर, गुजरगाँनो, खिर्रो, हर्रो, बर्रो, पिप्ला, भोगटे, पानी अमला, अर्चल,  लहरो, क्यामुना आदि लोपोन्मुख अवस्थामा रहेका छन् । यस नगर क्षेत्रमा रहेका वनजंगलहरुले बाघ, भालु, चितुवा, चित्तल, हरिण दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, हात्ती, , लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, खरायो, मलसाप्रो, ढेडु आदि प्रजातिका जीवहरूको लागि उपयुक्त वासस्थान उपलब्ध गराएको छ । नगरमा रहेका वनक्षेत्र तथा विभिन्न खोलानालाहरुले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषतः कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, क¥याङकुरुङ, भद्राई, सारस तथा विभिन्न घिस्रने जन्तुहरू गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिंगर, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदिलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ ।

यद्यपी वनजंगल अतिक्रमणका कारण प्रकृती प्रदत्त यी जैविक र वनस्पतिजन्य अमुल्य वन सम्पदाहरूको विस्थापन र विनाशको जोखिम रहेकाले त्यसलाई समयमै जोगाउन आवश्यक छ ।

नगरको हावापानीले जीवजन्तु र वनस्पतीहरूलाई संरक्षित गर्न सकिने खालका वासस्थान उपलब्ध गराइएको भएतापनि जनसंख्या र बसाईसराइको चाप र भूमिको उर्वरापनका कारण करिब ५ दशक अघिदेखि नै यहाँको वनक्षेत्र अतिक्रमण र वन फडाँनीको चपेटामा पर्न गएको थियो । जैविक विविधता अन्तर्गत पर्ने स्थानीय कला संस्कृतिहरूको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकिय दृष्टिकोणले महत्वपुर्ण ठानिएका विभिन्न स्थानहरु लगायतका क्षेत्रहरुको समेत संरक्षण गर्नुपर्ने देखिन्छ ।

यहाँ जैविक विविधताले भरिपूर्ण रहेको छ । उष्ण प्रदेशीय किसिमको वातावरण भएको हुँदा विशिष्ट किसिमको जैविक विविधता पाइन्छ ।

## ९.३ नगरमा पाईने वन्यजन्तु

(क) वन्यजन्तु

राजापुर नगरपालिका रहेको बर्दिया  जिल्लामा विभिन्न प्रकारका स्तनधारी वन्यजन्तुहरु पाइन्छन् । यस नगरमा पाइने प्रमुख वन्यजन्तुहरुमा बाघ, भालु, चितुवा, चित्तल, दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, रतुवा, निलगाई, हात्ती, खरायो, मलसाप्रो, ढेड्डु आदि छन ।

(ख)   चराचुरुङ्गी

राजापुर नगरपालिका रहेको बर्दिया जिल्लामा विभिन्न प्रकारका चराहरु पाइन्छन् । यस नगरमा पाईने चराचुरुङ्गीहरुमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, चखेवा,  पिरौटा, भुँडिफोर, चिवे, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, क¥याङकुरुङ, भद्राई, लामपुछ्रे, राजक छेग्रा, सारस आदि प्रमुख छन् ।

(ग)   घिस्रने जिवजन्तुहरू यस नगरमा पाइने घिस्रने जिवजन्तुहरूमा मगर गोही, कछुवा, अजिंगर, भित्ती, गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, वैरिकरेट, हरेउ, ढोडिया, सुनगोहोरो, अनेक प्रकारका सर्प तथा छेपारो, भातेमहुरा, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि प्रमुख छन् ।

(घ)   जलचर तथा उभयचर जीवहरु

सेधरी, डिंरा, चरंगी, रावा, डरही, कूरसा, रोहहू, सौरी, सिंगी, मंगूरा, मैलवा, डोंगी, खेसटी, टेंग्रा, वामे, वक्काइन, ढोरी, हराट, परनी जातका माछाहरु, डल्फीन, ठोटेरा, गँगटा, भ्यागुता, विभिन्न प्रजातीका घुँघी आदि  ।

(ङ)   कीरा फटयाङ्ग्राहरु

मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, बिच्छी, खजुरो, झुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्युँ, माकुरा, बअरिमोठे, डाँस, पतेरो, साङ्लो, लामखुट्टे सयौं प्रकारका किरा फटयाङ्ग्राहरु आदि  ।

(च)   फूलका प्रजातिहरु

यस नगरपालिकामा पाइने फूलका प्रजातिहरुमा सयपत्री, गोदावरी, मखमली, बाह्रमासे, गुलाव, लालुपाते, घन्टीफूल, तिउर, बाबरी, भालेफूल, पारिजात, लाहुरे चुवा, पलास, मसुन्डा आदि हुन् ।

## ९.४ वनजंगल

राजापुर नगरपालिका समुन्द्र सतहबाट १४२ मिटरको उचाईदेखि शुरु भएर १५४ मीटरसम्म गएर अन्त्य भएको छ । यो नगरमा प्रशस्त मात्रामा वन क्षेत्र हुनुको साथै वन क्षेत्रभित्र जैविक विविधता पनि प्रशस्त रहेको छ । वनक्षेत्रभित्र थुप्रै ताल/तलैया, सिमसार क्षेत्र र ठूला ठूला घाँसे मैदानहरु समेत रहेका छन् । नगर बाहिरका अन्य नगर तथा जिल्लाहरुमा करिव करिव लोप अवस्थामा पुगेको प्राकृतिक रुपमा सिसौ र खयर जस्ता महत्वपूर्ण प्रजाति पाईने नदी तटीय वन यस नगरमा प्रशस्तै मात्रामा रहेको छ । यो विशिष्ट वातावरणीय अवस्थासँग यहाँ बग्ने नदीनालाको अभिन्न सम्बन्ध रहेको छ ।

वन क्षेत्र तराईको समथल भू—भाग र कर्णाली नदीले निर्माण गरेको वायु भएको कारण यहाँ पाइने वनको किसिम र प्रजातिमा सोही अनुसारका छन् । उष्ण र सम—शितोष्ण प्रदेशीय भएको यस नगरको वन क्षेत्रमा मिश्रित वन पाईन्छ । हावापानी, भौगोलिक अवस्थिति तथा प्रजातिको आधारमा यस नगरमा विभिन्न किसिमका वनहरु जस्तै सालको वन, तराई हार्डउड, खयर सिसौं र झाडी बुट्यान रहेका छन् ।

### ८.४.१ सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीति अनुसार यस नगरमा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन यिमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, संवर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरुलाई नै हुन्छ । यो कार्यक्रम शुरुमा लागू भएको बेला यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरुमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभुत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरुको गरिवी निवारण, जीविकोपार्जन, जैविक विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेसीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सबालहहरु समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पुर्याउन सक्ने विश्वास गरिएको छ । जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरु संचालन तथा सामुदायिक वनको संरक्षण, संवर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ । नगरमा आ.व. २०७३/७४ सम्ममा ४९ सामुदायिक वनहरु रहेका छन् । विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन

क्षेत्र भएकोले पनि वन संरक्षण भन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ ।

सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन् । सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ । तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ । उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ । दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ ।

बौद्धिक सम्पदा अधिकार (Patent Right) सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु अनुशिक्षण दिनुपर्ने देखिन्छ । नगर र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावारको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन् । यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ । सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जनसहभागीताका साथै स्थानीय सरकारले प्राविधिक सहयोग उपलब्ध गराउनु जरुरी छ । सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमशः बढ्दै जाने देखिन्छ । वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा बृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ । राजापुर नगरपालिकामा रहेका सामुदायिक वनहरुको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो नगरले अग्रणी भूमिका खेलेको छ । राजापुर नगरपालिकामा आ.व. २०७३/०७४ सम्ममा जम्मा ४९ वटा सामुदायिक वनहरु दर्ता गरिएको छ । यी वनहरुले यस नगरमा ७९१.९९ हे. क्षेत्रफल ओगटेको छ भने ६,३४८ घरधुरी अर्थात् ४१,८७१ जनसंख्या लाभान्वित भएका छन् ।

## ९.४.२ सरकारद्वारा व्यवस्थित वन

नगरको कुल वन क्षेत्र मध्ये नगरमा सामुदायिक वन र धार्मिक वनको रुपमा हस्तान्तरित बाहेक बाँकी रहेको वन क्षेत्र सरकारद्वारा व्यवस्थित वनको रुपमा रहेको छ ।

## ९.५ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था

हाल यस नगरका वन उपभोक्ताको निजी आवादीमा वृक्षारोपण गरिएका रुख प्रजातिहरुमा सिसौ, बकाईनो, निम, कुटमिरो, किम्बु, इपिल, बडहर, टीक, खनियोको वाहुल्यता रहेको छ भने फलफुल जातका प्रजातिहरुमा अम्वा, कटहर, अमरा, मेवा, केरा, आँप आदी पर्दछन । वनमा पाईने रुख प्रजातिहरु साल, असना, कर्मा, सिमल, हर्रो, वर्रो, पीठारी, कदम, जामुन समेत आवादी क्षेत्रमा रहेको पाईन्छ ।

## ९.६ वनपैदावरको माग र आपूर्ति

अत्याधिक बसाई सराईले गर्दा बर्दिया जिल्लाको जनसंख्याको वृद्धि नेपालको औसत वृद्धि भन्दा बढी छ । बर्दिया जिल्लामा रहेको राजापुर नगरपालिकाबाट उत्पादन भएका वन पैदावारको बिक्री वितरण उपभोगको स्थितिलाई हेर्दा यहाँको उत्पादन यस नगरको आपूर्तिलाई पुर्याइ जिल्ला भित्रकै अन्य नगर तथा ग्रामिण क्षेत्र तथा अन्य जिल्लामा पनि जाने गरेको छ ।

## ९.७ जडिबुटी सम्बन्धी विवरण

यस नगरको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्इूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजीवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेझार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुरआदि आदि जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रशस्त सम्भावना रहेको देखिन्छ ।

## ९.८ वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ। नगरमा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको

देखिन्छ । यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू अत्याधिक प्रभावित भएका छन् प्राकृतिक रुपबाट पुनरुत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन् । प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ । जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ । वनको हैसियतमा समेत सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ । वन नीति २०७१ का अनुसार वन संरक्षणमा चाल्नुपर्ने कदमहरु निम्न बुँदामा उल्लेख गरिएको छ ।

- ✓ घरायसी तथा अन्य इन्धनको रुपमा प्रयोग हुने काठ वा वन पैदावारको विकल्पमा अन्य वैकल्पिक उर्जाको
- ✓ प्रयोगलाई प्रोत्साहन गर्ने ।
- ✓ बहुपक्षिय सहभागितात्मक संयन्त्रको विकास गरी चोरी शिकारी, अवैध कटान, वन पैदावारको अवैध संकलन, अत्याधिक चरिचरन, मिचाहा प्रजाती र डढेलो नियन्त्रण गर्ने ।
- ✓ पर्यटन प्रवद्र्धनको विकासका लागि राष्ट्रिय वनमा तोकिएका प्रजातिका वन्यजन्तु तथा विरुवाको संरक्षण,
- ✓ प्रजनन् र उपयोग गर्ने ।
- ✓ दिगो वन व्यवस्थापनको नीति अवलम्वन गर्ने ।
- ✓ जौविक विविधता, सिमसार क्षेत्रको संरक्षण र जलवायू परिवर्तनको विषयमा एकीकृत कार्यक्रम संचालन गर्ने ।

# खण्ड १० - विकास सूचकांक र गरिबीको स्थिति

## १०.१ मानव विकास सूचकको विवरण (HDI)

मानव विकास सूचकले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन् । यी तिनवटै परिसूचकलाई समावेश गरी मानव विकासको सूचक निर्धारण गरिएको छ । हरेक देश/ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवनस्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो । UNDP नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचकाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०२१ सार्वजनिक गरेको छ । यो प्रतिवेदन अनुसार बर्दिया जिल्लाको मानव विकास सूचकाङ्क ०.५ (नेपालको ०.६०२) रहेको छ । अर्थात् बर्दिया जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषत भन्दा कम देखिन्छ । मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगटन सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने दोस्रो स्थानमा ललितपुर मानव विकास सूचक ०.६०१ रहेको छ । पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्क ०.३६४ रहेको छ । मानव विकास सूचकाङ्कका अवयव सूचकहरू हेर्ने हो भने बर्दिया जिल्लाको हरेक व्यक्ति बाँच्ने अपेक्षित औषत आयु (Life expectancy) ६७.२६ वर्ष र यसको सूचक ०.७०४, प्रौढ साक्षरता दर (Adult Literacy) ५६.५४ प्रतिशत र यसको सूचक ०.५६५, शिक्षा आर्जनमा खर्चेको औषत समय (Means years of schooling) ३.४६ वर्ष र यसको सूचक ०.२३१ तथा कुल राष्ट्रिय प्रतिव्यक्ति (Per capita Income) १०८६ अमेरिकी डलर र यसको सूचक ०.३९८ रहेको देखिन्छ ।

## १०.२ मानव गरीबी सूचकांक (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सो भन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानी नपुगेको जनसंख्याको प्रतिशत तथा कुपोषित ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको प्रतिशत जस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रुपमा विकास गरिने मानव गरीबी सूचकाङ्कको स्थिति हेर्दा बर्दिया जिल्ला मानव विकास सूचकाङ्कको स्थिति खासै राम्रो देखिदैन । बर्दिया जिल्लाको मानव गरीबी सूचकाङ्क मान ४१.७२ (नेपालको ३१.१२) रहेको छ । यो सूचकाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ किनभने यो सूचकाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ । जस्तैः प्रौढ निरक्षरता दर । मानव गरीबी सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थानमा हुम्ला जिल्लाको मानव गरीबी सूचकाङ्क ४९.२६ रहेको छ भने पुच्छारमा रहेको कास्की जिल्लाको मानव गरीबी सूचकाङ्क १६.५० रहेको छ ।

मानव गरीबी सूचकाङ्कका अवयव सूचकहरूमा बर्दिया  जिल्लाको प्रौढ निरक्षरता दर (Adult literacy rate) ४३.४६ प्रतिशत, ४० वर्ष सम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या (Percentage of people not expected to survive to age 40) ८.८४ प्रतिशत, सुरक्षित खानेपानी नपुगेको जनसंख्या (Percentage without safe water) २.१४ प्रतिशत र ५ वर्ष मुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या (Percentage of children under age five who are malnourished) ५०.६० प्रतिशत रहेको देखिन्छ ।

## १०.३ मानव विकास र गरीबी

नेपालमा गरीबीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार बर्दिया  जिल्ला न्यून समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ । ७५ जिल्लाहरू मध्ये यो जिल्ला ४५ औं स्थानमा रहेको छ र गरीबीको दर ८.१६ प्रतिशत रहेको छ । जिल्लामा गरिबीको रेखामुनी रहेको संख्या १,२१,१७८ रहेको देखिन्छ । गरिबीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरिबीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## १०.४ गरिबी न्यूनीकरण

गरिबी न्यूनीकरणका लागि स्वरोजगार सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवं विभिन्न सिपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका वडाहरुमा रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रित गरी नयाँ थप भएका वडाहरुमा विभिन्न शिपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।

## १०.५ समग्र विकास स्थिति

घरधुरी सर्वेक्षण, २०८० अनुसार ६०,९२७ जनताको बसोबास भएको नगरपालिकामा खास गरी सामाजिक रुपले पछिपरेका र आर्थिक रुपले विपन्न अवस्थामा रहेका गरिबीको रेखामुनि परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रुपले सम—समुन्नत नगरको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समयसापेक्ष रुपमा समाधान गर्न विगत देखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रुपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रुपमा लिन सकिन्छ । यसरी हेर्दा नगरबासीहरूको मानव विकास सूचकांक, लैंगिक समता सूचकांक, जनताको बाँच्ने औसत आयु, औसत ग्राहस्थ उत्पादन, औसत

साक्षरतादर र औसत आम्दानी जस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ । संक्षेपमा नगरको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुर्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ। अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको प्रयाप्त नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन। एकातर्फ ४० वर्ष माथिको उमेरसम्म बाँच्नेहरूको संख्या ८.८४ प्रतिशत रहेको पाइन्छ भने अर्का तर्फ बाँचिरहेका जनताको पोषणको अवस्थालाई समेत ध्यान दिनु पर्ने देखिन्छ। सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेको शिक्षा क्षेत्रमा यो नगर बर्दिया जिल्लाका अन्य नगरहरुको तुलनामा केही अगाडि रहेको देखिन्छ।

शिक्षा तर्फ र प्राथमिक शिक्षालाई सबै नगरबासीहरुको प्राथमिक अधिकारको रुपमा अझै पनि व्यावहारिक रुपमा स्थापित गर्न सकिएको छैन र अद्यावधिक स्कुल जाने उमेरका केही बालबालिकाहरुले स्कुल भर्ना भई पढ्न पाइरहेका छैनन् । पहिलो कुरा त स्थापित स्कुलहरुमा समेत कक्षाकोठाहरुको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात कमी रहनु स्वयंमा विडम्बनापूर्ण स्थिति छ भने अर्कोतिर मावि र उच्च माविको शिक्षा पुरा गरेका युवाहरुको समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन । माध्यमिकस्तरको शिक्षालाई व्यावसायिक नबनाएसम्म हाल शिक्षामा देखिएको निराशजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन ।

यस नगरपालिकाको जनसंख्या जसरी नेपालको जनसंख्या बढेको छ त्यही स्थितिले यहाँ पनि जनसंख्या बढिरहेको अवस्था देखिन्छ । जनसंख्या दोब्बर हुँदाको अवस्थामा जनतालाई गाँस, बास, शिक्षा र स्वास्थ्य सेवा साथै रोजगारीको व्यवस्था पनि दोब्बर गर्नुपर्ने देखिन्छ ।

## अनुसूची -१ वार्ड अनुसार घरधुरी विवरण